# ख्रीष्टको सुसमाचार

# The Gospel of Christ




By:
J.C. Choate

# ख्रीष्टको सुसमाचार
(The Gospel of Christ)
(In Nepali)

© सर्वाधिकार प्रकाशकमा,
दोस्रो संस्करण : २०८०, बैशाख
संख्या : (२,००० प्रति)
Second Nepali Printing : May, 2024
Copies : 2000

लेखक/Writer
जे.सी.चोएट्
J.C. Choate

Published by:
World Evangelism
P.O. Box 72
Winona, Mississippi
38967, USA

Nepali Translation and Printing:
Gajendra Deshar
Chapagaun Church of Christ
Nepal Center for Biblical Study
P.O.Box 25999
Lalitpur, Nepal

# खीष्टको
# सुसमाचार

The Gospel
of Christ

परमेश्वरको वचनका पानाहरुबाट
तेह्रवटा पाठहरु सिकाइएका छन् ।




**BY**
J.C. CHOATE

**नेपाली अनुवाद/छपाई**
नेपाल बाइबल अध्ययन केन्द्र
चापागाउँ खीष्टको मण्डली
पो.ब.नं. २५९९९, ललितपुर, नेपाल

# परिचय

सर्वप्रथम यी पाठहरु व्यक्तिगत रुपमा र कक्षा कोठामा अध्ययन गर्न तयार गरिएको थियो । यो साम्रगीलाई सामान्य बनाउन धेरै मेहनत गरिएको छ ।

यो अध्ययन पुस्तिकाको उद्देश्य महत्वपूर्ण छ । बाइबलले सिकाउँदछ कि शुद्ध सुसमाचार एउटै छ तर धार्मिक संसारले त्यसको ठिक विपरित विभिन्न सुसमाचारहरु छन् भनी भन्दछन् । यसैकारणले परमेश्वरको वचनमा उल्लेख गरे अनुसारको सुसमाचार अध्ययन गर्नु धेरै महत्वपूर्ण छ । हामीले सत्यतालाई जान्ने मात्र होइन तर त्यसलाई गलतको विरुद्धमा रक्षा गर्नुपर्छ ।

सुसमाचारका यी सन्देशहरुलाई परमेश्वरको वचनबाट लिएका छन, जुन सुसमाचारले असल सन्देशको प्रतिनिधित्व गर्छ । यो महत्वपूर्ण छ जसले ख्रीष्ट मर्नुभयो, गाडिनुभयो र बौरी उठनुभयो भनी भन्दछ । यी सुसमाचारका आज्ञाहरुलाई मानिसहरुले पालन गर्नुपर्छ । यसकारण यी कुराहरुद्धारा पापबाट छुटकारा र अनन्त जीवनको आशा प्राप्त हुन्छ । खराव सन्देश, गलत र प्रशस्तै विनाशका कुराहरु भएता पनि हामीमा मुक्ति उपलब्ध भएको छ भने कुराको निश्चयता दिन्छ ।

परमेश्वरका इच्छाहरु जान्नको निम्ति कृपया यी पाठहरु अध्ययन गर्नुहोस् । यसमा लेखिएका पाठहरु सत्य छन् कि छैनन भनी पक्का हुनको निम्ति नयाँ नियमसँग यी पाठहरुलाई तुलना गर्नुहोस् । होशियार साथ जाँच गरेर यदि तपाईले सत्यता पाउनुभयो भने, त्यसलाई विश्वास गरेर आज्ञाकारी हुन हामी हौसला दिन्छौं । त्यसपछि तपाईका मित्रहरुलाई तपाईले पाउनु भएको असल सन्देश सुनाउनु होस् ।

जे.सी.चोट
ख्रीष्टको मण्डली
विइनोना, मिसिसिपी
जून, १, २०००

# बिषय सूची


| पाठ | बिषय | पाना नं. |
|---|---|---|
| पाठ एक | खीष्टको सुसमाचार | ४ |
| पाठ दुइ | सुसमाचारका तथ्यहरु | ९ |
| पाठ तीन | सुसमाचारको बोलावट | १३ |
| पाठ चार | सुसमाचारको आज्ञापालन | १७ |
| पाठ पाँच | सुसमाचार सुन्दै | २१ |
| पाठ छ | परमेश्वरमा विश्वास गर्ने | २६ |
| पाठ सात | पापको पश्चात्ताप | ३१ |
| पाठ आठ | खीष्टको स्वीकार | ३५ |
| पाठ नौ | पाप क्षमाको निम्ति बप्तिस्मा | ३९ |
| पाठ दश | सुसमाचारका आशिषहरु | ४४ |
| पाठ एघार | सुसमाचार प्रचार गर्दै | ४९ |
| पाठ बाह्र | अन्य सुसमाचारहरुको प्रचार | ५३ |
| पाठ तेह्र | सुसमाचारको अवरोध | ५८ |

१

# ख्रीष्टको सुसमाचार
## The Gospel of Christ



नयाँ नियममा हामी धेरै पल्ट ख्रीष्टको सुसमाचारबारे पढ्छौं । अरुले पनि यसबारे कुरा गरेको हामी सुन्छौ । प्राय जसो हामी आफैले अनेक तरीकाहरुबाट सुसमाचारलाई औल्याउँछौ । तर सुसमाचार के हो? ख्रीष्टको सुसमाचार के हो? आउनुहोस् जवाफको निम्ति धर्मशास्त्रलाई पल्टाऔं । पावल लेख्दछ, "धर्मशास्त्र भन्दछ, उहाँमाथि भरोसा राख्ने कोही लाजमा पर्नेछैन् । किनकि यहूदी र अन्यजातिमा केही भेद छैन् । उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरु सबैलाई आफ्नो प्रशस्त आशिष दिनुहुन्छ । किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ ।" तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरुले कसरी पुकार्ने? जसको विषयमा सुनेकै छैनन्, उहाँमाथि तिनीहरुले कसरी विश्वास गर्ने? र प्रचारक विना तिनीहरुले कसरी सुन्ने? र कसैले नपठाइकन मानिसहरुले कसरी प्रचार गर्ने? जस्तो लेखिएको छ, "सु-समाचार प्रचार गर्नेहरुका पाउ कति सुन्दर" (रोमी १०:११-१५) । आधारभूत रुपमा, त्यसो भए "सुसमाचार" शब्दको अर्थ असल सन्देश, असल खबर, उद्धार, सत्यता, वचन, प्रतिज्ञा र आशा हो । ख्रीष्टको सु-सन्देशमा भएका कुराहरु अरु सबै खबरहरुभन्दा अलग र फरक छन् ।

यो सुसमाचार येशू ख्रीष्टको मृत्यु, गडाई र पुनरुत्थानमा आधारित छन् । प्रेरित पावलले कोरिन्थीहरुलाई यसो लेखेका छन, "भाइ हो, मैले तिमीहरुलाई प्रचार गरेको सुसमाचार म तिमीहरुलाई याद दिलाउन चाहन्छु, जुन सु-समाचार तिमीहरुले ग्रहण गऱ्यौ, र जसमा तिमीहरु स्थिर रहन्छौ । यस सुसमाचारद्धारा तिमीहरुको उद्धार भएको छ, यदि त्यसमा तिमीहरु अटल रहयौ भने, नत्रता तिमीहरुले व्यर्थैमा विश्वास गऱ्यौ । किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य बिषयको रुपमा तिमीहरुलाई सुम्पिदिएँ, अर्थात पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्र अनुसार तेस्रो दिनमा उहाँ पुनजीवित पारिनुभयो" (१ कोरिन्थी १५:१-४) । तर यो कसरी सुसमाचार भयो? किनभने ख्रीष्टको मृत्यु, गडाई र पुनरुत्थानद्धारा

नै कसैको उद्धार हुन्छ र अनन्त जीवनको आशा हुन्छ । त्यही लेखकले फेरी भन्दछन्, "किनकि सुसमाचारसँग म शर्माउँदिनँ । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिका निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुका निम्ति र अन्यजातिहरुका निम्ति पनि । किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जो चाहिँ सम्पूर्णरुपले विश्वासद्धारा नै आउँछ । यस्तो लेखिएको छ, "धर्मीचाहिँ विश्वासद्धारा नै जिउनेछ" (रोमी १:१६,१७) ।

हाम्रो दैनिक जीवनमा हाम्रो निम्ति सुसमाचारको अर्थ के हो भनी हामी सबै जान्दछौं । जव हाम्रो जीवनमा केही आशिषहरु आउँदा हामी अत्यन्तै रमाउँदछौं र हामी त्यो कुरा सबैलाई सुनाउन चाहन्छौं । यो स्वभाविक कुरा हो । यसरी नै ख्रीष्ट भएर आउने मुक्तिको सुसमाचारमा पनि यो कुरा सही हुनुपर्छ । यदि हामीले प्रभुको आज्ञा पालन गरेका छौं, र उहाँको अनुग्रहद्धारा उद्धार भएका छौं भने हामीले संसारलाई यसवारे थाहा दिने चाहना गर्नुपर्छ । यसैकारणले गर्दा ख्रीष्टले भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सु-समाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिने छ" (मर्कूस १६:१५,१६) ।

धर्मशास्त्रले **परमेश्वरको सुसमाचार** बारेमा भन्दछ । हामी पढ्न पाउँदछौं, "म पावल, येशू ख्रीष्टको दास, प्रेरित हुनलाई बोलाइएको, र परमेश्वरको त्यस सु-समाचारको निम्ति अलग गरिएको हुँ, जुन सुसमाचार उहाँले अघिबाटै आफ्ना अगमवक्ताहरुद्धारा पवित्र धर्मशास्त्रमा प्रतिज्ञा गर्नुभएको थियो । यो सुसमाचार परमेश्वरका पुत्रको बिषयमा हो, जसको जन्म शरीर अनुसार दाऊदको वंशबाट भएको थियो । येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरुबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्मा अनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो । उहाँका नाउँको खातिर विश्वासद्धारा आउने आज्ञापालन सबै जातिहरुका बीचमा ल्याउनलाई हामीले उहाँद्धारा अनुग्रह र प्रेरितको काम पाएका छौं । तिमीहरु पनि तिनीहरुसँग सँगै येशू ख्रीष्टका हुन बोलाइएका छौ । रोममा भएका तिमीहरु सबै, परमेश्वरका प्रियहरु, जो सन्त हुनलाई बोलाइएका छौ, तिमीहरुलाई परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति" (रोमी १:१-७) ।

त्यही अर्थमा त्यही लेखकलले परमेश्वरको **अनुग्रहको सुसमाचार**बारे भन्दछ, "तर म आफ्नो जीवनलाई कुनै मोलको र आफ्नो निम्ति प्रिय ठान्दिँन् । यति मात्र चाहन्छु, कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशूबाट मिलेको मेरो सेवकाई म पूरा गर्न सकूँ" (प्रेरित २०:२४) । यो पद खण्डले परमेश्वर र खीष्टबिचको अस्तित्वको एकतालाई देखाउँछ । उहाँ परमेश्वर हुनुहन्छ जसले संसारलाई सुसमाचार दिन खीष्ट पठाउनुभयो । यो अर्थमा यसलाई परमेश्वरको सुसमाचार वा खीष्टको सुसमाचार भनिन्छ ।

हामी **महिमित सुसमाचार** पढ्न पाउँछौ । सुन्नुहोस्: "यो मलाई सुम्पिएका परम धन्य परमेश्वरको महिमित सुसमाचार अनुसार छ" (१ तिमोथी १:११) । "फेरी हाम्रो सुसमाचार घुम्टोले ढाकिएको भए तापति यो नष्ट हुनेहरुका निम्ति मात्र घुम्टोले ढाकिएको छ । तिनीहरुका बिषयमा भनौ भने खीष्ट, जो परमेश्वरको रुप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरुले नदेखुन् भनेर यस संसारको देवले अविश्वासीहरुको समझलाई अन्धो तुल्याइदिएको छ" (२ कोरिन्थी ४:३,४) । यो सुसमाचार परमेश्वर र खीष्टबाट अनन्त स्वर्ग हुँदै आएको कारणले गर्दा महिमाको सुसमाचार भनिएको हो । यो सुसमचारले परमेश्वर, खीष्ट र अनन्त स्वर्गको महिमा गर्छ ।

मत्ती, मर्कूस, लूका र यूहन्नामा धेरै पल्ट **राज्यको सुसमाचार** प्रयोग गरेका छन् । "येशू समस्त शहरहरु र गाउँहरुतिर तिनीहरुका सभाघरहरुमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्वलताहरु निको पार्दै हिडनुभयो" (मत्ती ९:३५) । "अव यूहन्ना पकाउमा परेपछि परमेश्वरको सुसमाचार प्रचार गर्दै येशू गालीलमा आउनुभयो । उहाँले भन्नुभयो, 'समय पुरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ । पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर" (मर्कूस १:१४,१५) । यो समयको अवधिमा खीष्ट र अरुहरुले आउन लागेको राज्यको सुसमाचार प्रचार गरे । अर्को शब्दमा यो अझै स्थापना भएको छैन, तर छिट्टै हुँदैछ । प्रभुको मृत्यु, गडाई र पुनरुत्थानमा आधारित भएर सुसमाचार तथ्यको रुपमा प्रचार गरे । सुसमाचार आज्ञापालन गर्नेहरुको उद्धार भयो अनि प्रभुको तिनीहरुलाई मण्डली वा राज्यमा थप्नुभयो (प्रेरित २ अध्याय) ।

त्यसपछि हामी **मुक्तिको सुसमाचार** पढ्न पाउँछौ । एफिसीका खीष्टियानहरुसँग बोल्दै पावल भन्दछन, "तिमीहरु, जसले सत्यको वचन अर्थात आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो" (एफिसी १:१३) । यो सुसमाचार हो जसले मुक्ति ल्याउँदछ । कहिलेकाहिँ हामी मुक्तिको योजनाको सुसमाचारबारे बोल्दछौ, जसमा प्रभुको योजना वा मानिसलाई बचाउने कुरा व्याख्या गरेको हुन्छ ।

त्यसपछि हामीसँग **शान्तिको सुसमाचार** छन् । रोमी १०:१५ मा फर्केर जाँदा पावल भन्दछ, "शान्तिका सुसमाचार प्रचार गर्नेहरुका पाउ कति सुन्दर छन् जसले शुभ समाचार ल्याउँछन् ।" एफिसी ६:१४-१६ ले भन्दछ, "यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खडा होओ । र खुट्टामा मिलापको सुसमाचारको जुत्ता लाएर तयार होओ । साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरु दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ ।" सुसमाचारले शान्ति- मनको शान्ति, आत्माको शान्ति, हाम्रा संगीहरुसित शान्ति ल्याउँदछ । खीष्ट शान्तिको मानिस हुनुहुन्थ्यो र उहाँको सुसमाचारले त्यस्तो शान्ति ल्याउँदछ जुन उहाँले अनुभव गर्नुभयो- त्यो हो परमेश्वरसित शान्ति । निश्चय नै यो असल सन्देश हो ।

अन्तमा, हामीलाई **आशाको सुसमाचार**बारे भनेको छ । "बितेका समयमा दुष्ट काम गरेर तिमीहरु बिराना भई आफ्नो मनमा विरोधी भएका थियौ । तर आफ्नो सामुन्ने तिमीहरुलाई पवित्र, निष्खोट र निर्दोष प्रस्तुत गर्न खीष्टका मासुको शरीरमा उहाँको मृत्युद्धारा तिमीहरुलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ- यदि तिमीहरु आफ्ना विश्वासमा अचल र स्थिर भइरहयौ र तिमीहरुले सुनेका सुसमाचारको आशाबाट हटेनौ भने । यहि नै त्यो सुसमाचार हो, जो स्वर्गमुनि हरेक प्राणीलाई प्रचार गरिएको छ, जसको म पावल, धर्म-सेवक भएँ" (कलस्सी १:२१-२३) । सुसमाचार पालना गर्दा जीवन र अनन्त जीवनको आशा हुन्छ । यहि कुरा लेखकले यहाँ भनिरहेको छ ।

पावलले समय-समयमा **"मेरो सुसमाचार" वा "हाम्रा सुसमाचार"** भनेको छ । यसो भनेर उनले के अर्थ लगाउदैछन्? सामान्यतया उनले सुसमाचारलाई संकेट गदैछन् जुन उनी लगायत अरुले प्राप्त गरेका

थिए, जुन सुसमाचार अरुलाई प्रचार गर्न प्रभुले तिनीहरुलाई दिनुभएको थियो । यसको सम्मानमा उनी भन्दछन, "किनभने हाम्रो सुसमाचार तिमीहरुकहाँ वचनमा मात्र आएन, तर शक्ति र पवित्र आत्मामा, अनि सम्पूर्ण निश्चयतासाथ आएको हो । तिमीहरुका माझमा छँदा तिमीहरुकै खातिर हामी कस्ता किसिमका मानिस थियौ तिमीहरु जान्दछौ" (१ थेसलोनिकी १:५) । यहाँ रोमी १:१-१६ मा यो देखाएको छ कि सुसमाचार शक्तिशाली छ, यसमा विश्वास गर्ने र आज्ञापालन गर्नेको उद्धार हुन्छ ।

धर्मशास्त्रका वचनहरुमा भएका सुसमाचार यिनै हुन् । यिनीहरु सामान्य हुन तरै पनि शक्तिशाली छन् । यो युगानुयुग ख्रीष्टको समयमा जस्तै आधुनिक वर्तमान समयमा पनि त्यस्तै छन् । यसले बचाउँछन्, यसले आशा दिन्छ । सुसमाचार एउटै छ र यो सबैलाई प्रचार गर्नुपर्छ । यसमा खीष्ट र परमेश्वरको महिमा छ । यसले आशिष, चुनौती र जिम्मेवारी ल्याउँछन् । यो एकजना लगायत सबैको निम्ति हो । यो साँच्चै नै असल सन्देश हो ।

❀


## सुसमाचारको वर्णन

**परमेश्वरको सुसमाचार**......................(रोमी १:१-७) ।
**अनुग्रहको सुसमाचार**..........................(प्रेरित २०:२४) ।
**महिमित सुसमाचार**....................... (१ तिमोथी १:११) ।
**राज्यको सुसमाचार**.........................(मत्ती ९:३५) ।
**मुक्तिको सुसमाचार**...........................(एफिसी १:१३) ।
**शान्तिको सुसमाचार**..........................(रोमी १०:१५)
**आशाको सुसमाचार**...........................(कलस्सी १:२१-२३)
**मेरो सुसमाचार वा हाम्रा सुसमाचार**......(१ थेसलोनिकी १:५) ।

२

# सुसमाचारका तथ्यहरू

## The Facts of the Gospel



येशू ख्रीष्ट मर्नुभयो, गाडिनुभयो र त्यसपछि चिहानबाट बौरी उठनुभयो भनि धर्मशास्त्रले स्पष्टसँग सिकाउँछ । येशूको कथामा यी घटनाहरुलाई सुसमाचारका तथ्यहरु भनिन्छ । पावलले आफ्ना लेखमा उनका कोरिन्थी दाजुभाइहरुलाई उनीहरुको मुक्तिमा यी तथ्यहरु सम्वन्धित छन् भन्ने कुराहरु उल्लेख गरेका छन्: "भाइ हो, मैले तिमीहरुलाई प्रचार गरेको सुसमाचार म तिमीहरुलाई याद दिलाउन चाहन्छु, जुन सुसमाचार तिमीहरुले ग्रहण गऱ्यौ, र जसमा तिमीहरु स्थिर रहन्छौ । यस सुसमाचारद्धारा तिमीहरुको उद्धार भएको छ, यदि त्यसमा तिमीहरु अटल रहयो भने, नत्रता तिमीहरुले व्यर्थैमा विश्वास गऱ्यौ । किनभने मैले जे पाँए त्यसैलाई सबैभन्दा मूख्य बिषयको रुपमा तिमीहरुलाई सुम्पिदिएँ, अर्थात पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्र अनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पार्नुभयो" (१ कोरिन्थी १५:१-४) । अर्को शब्दमा, ख्रीष्टको सुसमाचार यी सत्यतामा अडिएको छ । ख्रीष्ट नमर्नु भएको भए, नगाडिनु भएको भए, र चिहानबाट बौरी नउठनु भएको भए, सुसमाचार हुँदैन्थ्यो र उद्धार पनि असम्भव हुन्थ्यो । तर उहाँ मर्नुभयो, गाडिनुभयो र बौरी उठनुभयो । यो सुसमाचारको जग हामीसँग छ र यसकारण यसले संसारलाई परिवर्तन गर्छ ।

सुसमाचारका तथ्यहरुले हाम्रो निम्ति के भन्दछन्, सो बुझ्नको निम्ति अब हामी सुसमाचारका ती तथ्यहरुलाई पूर्ण रुपमा विचार गर्न चाहन्छौः

### (१) ख्रीष्टको मृत्यु ।

ख्रीष्ट मर्नुभएको कुरा बाइबलले बारम्वार भन्दछन् । परमेश्वरको वचनलाई सुनौः "तिमीहरुमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो । परमेश्वरको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन । तर आफैलाई रित्याईकन् कमाराको रुप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो । स्वरुपमा

मानिस जस्तै भएर आफैलाई होच्याउनुभयो र मृत्युसम्मै, अर्थात क्रुसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो" (फिलिप्पी २:५-८) । "तर हामी येशूलाई देख्दछौ । उहाँ अलि वेरको निम्ति स्वर्गदूतहरुभन्दा केही तल होच्याइनु भयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्धारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून" (हिब्रू २:९) ।

ख्रीष्ट कसको निम्ति मर्नुभयो? हामीले भर्खरै हिब्रू २:९ मा हेरे अनुसार उहाँ सबै मानिसहरुको निम्ति मर्नुभयो । उहाँ पापीहरुको निम्ति मर्नुभयो भनी हामीलाई धर्मशास्त्रले भन्दछन् । सुन्नुहोसः "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" (रोमी ५:८) । तर उहाँ किन पापीहरुको निम्ति मर्नुभयो? उद्धार र आशा प्रदान गर्नको निम्ति हो । हामी पढछौ, "सबै मानिसले मुक्ति पाउन र तिनीहरु सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहन्छ"(१ तिमोथी २:४) । "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्न, कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरुन भन्ने इच्छा गरेर प्रभु तिमीहरुप्रति धैर्यवान हुनुहुन्छ" (२ पत्रुस ३:९) ।

यसको अर्थ यो लाग्छ कि तपाई र मेरो निम्ति कोही मर्नुभयो । यसबारे केही सोच्नुहोस् । हामीहरु पापी, परमेश्वरका सन्तान र त्यस्तो अनुग्रह र दया पाउन योग्य नभएता पनि ख्रीष्ट स्वर्गलाई त्यागेर यो पाप र दुःखको भूमिमा आउन इच्छुक हुनुभयो । उहाँ क्रूसमा मर्नुभयो ताकि हामीले मुक्ति पाएको होस् र हामीमा अनन्त जीवनको आशा होस् (रोमी ५:६,७) । कति अच्चमलाग्दो छ ! सोच्नुहोस्, उहाँ त्यस्तैगरी सारा संसारको निम्ति मर्नुभयो– हिजो, आज र भोलिको निम्ति पनि हो । हामी कति कृतज्ञ हुनुपर्छ र यसको परिणामले उहाँमा हाम्रो आज्ञाकारिता र विश्वस्ता हुनुपर्छ ।

**(२) ख्रीष्टको गडाई ।**

ख्रीष्ट क्रूसमा मर्नु भएपछि, अभिलेखले भन्दछ, "साँझ परेपछि अरिमाथियाका योसेफ नाउँ भएका एक जना धनी मानिस आए । तिनी स्वयम् येशूका चेला थिए । तिनले पिलातसकहाँ गएर येशूको मृत शरीर मागे, र पिलातसले सो तिनलाई दिने हुकुम गरे । योसेफले मृत शरीर लिएर सफा मलमलको कपडाले बेह्रे, र तिनले चट्टानमा खोपेर

बनाएका आफ्नै चिहानमा त्यो राखे, र चिहानको मुखमा एउटा ठुलो ढुङ्गा गुडाइदिए, र तिनी गए । चिहानको सामुन्ने मरियम मग्दलिनी र अर्को मरियम पनि बसिरहेका थिए" (मत्ती २७:५७-६१) ।

प्रभुको गडाई बारेको कुराहरुमा भिन्नता छैनन्, विशेष त्यो समयमा पनि थिएन् । मानिसहरु प्रत्येक दिन मर्दछन् र गाडिन्छन् । यो कुरा संसार भरी सत्य छ । सृष्टिदेखि सत्य भएको छ । तर प्रभुले प्रतिज्ञा गर्नु भयो कि यदि उहाँ मर्नुभयो र गाडिनु भयो भने उहाँ फेरी बौरी उठनुहुनेछ, उहाँले घोषणा गर्नुभयो, "यस मन्दिरलाई भत्काइदेओ र म तीन दिनमा यसलाई खडा गर्नेछु" (यूहन्ना २:१९) । निश्चय नै तिनीहरुले उहाँको कुरालाई बुझ्न सकेनन् । यदि तिनीहरुले बुझेका भए के उहाँलाई विश्वास गर्थे? उहाँको मृत्यु र गडाई पछि के भयो? चेलाहरु झट्का खाएको र सबैभन्दा हराएको अनुभवको अवस्थामा प्रवेश गरेको देखिन्छ । त्यसपछि के भयो? येशूले प्रतिज्ञा गर्नुभए बमोजिम उहाँ बौरी उठी फेरी मानिसहरु कहाँ आउनुभयो ।

**(३) ख्रीष्टको पुनरुत्थान ।**

ख्रीष्ट क्रूसमा मृत्यु भई चिहानमा रहिरहनुभएको भए संसारले उहाँलाई बिसिन्थ्यो, त्यसो नभए उहाँलाई छलीको रुपमा सम्झना गर्छन होला । उहाँ मृत्यृ भएर चिहानमा रहिरहनुभएको भए उहाँ पनि अरु मानिस भन्दा केही फरक हुँदैनथ्यो होला । तर उहाँ फरक हुनुहुन्थ्यो । उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो । उहाँले भन्नुभएको थियो कि उहाँ चिहानबाट उठ्नेछन् र उहाँले त्यसै गर्नुभयो (मत्ती २८ अध्याय) । उहाँको पुनरुत्थानको परिणामबाट उद्धार आएको छ । सबैको पुनरुत्थान हुनेछ भन्नेमा पूर्ण भरोमा भएको छ र अनन्त जीवनको आशा छ ।

पाठ अगाडि बढाउनु अघि, प्रभुको पुनरुत्थानको वारेमा भनेका केही धर्मशास्त्रका पदहरुलाई हेरौं । येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरुबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्मा अनुसार शक्तिमा परमेश्वरको पुत्र ठहरिनु भयो" (रोमी १:४) । "म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दु:ख भोगमा सहभागी हुन सकूँ" (फिलिप्पी ३:१०) । "परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ !उहाँको महान कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौ" (१ पत्रुस १:३) ।

"यही पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई बचाउँछ । यो शरीरको मैला हटाए जस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो" (१ पत्रुस ३:२१) । यसले मृतकबाट भएको येशू खीष्टको पुनरुत्थानद्धारा तिमीहरु जीवित भएर फेरी मर्नुहुनेछैनन् । "अव उसो उहाँमाथि मृत्युको राज्य हुँदैन्" (रोमी ६:९) । "चाहे हामी बाँचौं, चाहे हामी मरौं, हामी प्रभुकै हौं । यसैको निम्ति खीष्ट मर्नुभयो र फेरी जीवित हुनुभयो, कि उहाँ मरेकाहरु र जीवितहरु दुवैका प्रभु होऊन" (रोमी १४:९) ।

खीष्ट मर्नु भयो, गाडिनुभयो र चिहानबाट बौरी उठनुभयो । उहाँ अहिले हाम्रा प्रभु र हाम्रा मुक्तिदाता हुनुहुन्छ । उहाँ परमेश्वरको दाहिने बाहुलीमा विराजमान हुनुहुन्छ (प्रेरित २ अध्याय) र फेरी एक दिन फर्कि आउने प्रतिज्ञा गर्नुभएको छ (यूहन्ना १४:१-३) ।

खीष्टको मृत्युसँगै, उहाँले आफ्नो रगत बहाउनुभयो, ताकि मानिसहरुको पाप क्षमा भएको होस् (मत्ती २६:२८; एफिसी १:७) । खीष्टको सुसमाचारको आज्ञा पालन गरेर कोही व्यक्ति रगतको सम्पर्कमा आउँछ र त्यसरी उसको पाप मेटिएको हुन्छ (प्रेरित २:३८; २२:१६) । अव आउने अर्को पाठमा यो कसरी हुन्छ भन्ने बारेमा हामी अझै स्पष्टसँग हेर्नेछौ ।

सबैजना पक्का हुनुहोस्, प्रभुको पुनरुत्थानको परिणामले उहाँ आज जीवितै हुनुहुन्छ । उहाँका आज्ञाकारी चेला भएकोले हामी पनि उहाँ जस्तै जीउनेछौं, राज गर्नेछौं र उहाँसँगै सधै अनन्तसम्म हुनेछौं ।


❀

**सुसमाचारका तथ्यहरू**

| | |
|---|---|
| (१) **खीष्टको मृत्यु** | (फिलिप्पी २:५-८) |
| (२) **खीष्टको गडाई** | (मत्ती २७:५७-६१) |
| (३) **खीष्टको पुनरुत्थान** | (रोमी १:४) |

# ३ सुसमाचारको बोलावट

## The Gospel Call



परमेश्वरले हरेक व्यक्तिहरुलाई मुक्तिको निम्ति कसरी बोलाउनुहुन्छ भन्ने बारेमा आजको धार्मिक जगतमा धेरै फरक विचारहरु पाउँछन् । यहाँ हामी केही प्रमुख विचारहरु मात्र उल्लेख गर्नेछौ । पहिलो, परमेश्वरले तिनीहरुसँग प्रत्यक्षरुपमा शुक्ष्म आवाजमा बोल्नहन्छ भनी सिकाउनेहरु पनि छन् । दोस्रो, ख्रीष्ट तिनीहरुकहाँ दर्शन वा सपनामा आउनुहुन्छ भनी अरुले भन्दछन् । तेस्रो, प्रभुले तिनीहरुलाई केही विशेष अनुभवद्धारा बोलाउनुहुन्छ भनी विश्वास गर्नेहरु पनि छन् । अब, यी तीनैवटाले दावा गरेका छन् कि यसरी नै प्रभुले तिनीहरुलाई बचाउनु हुन्छ वा यसरी नै तिनीहरुलाई केही विशेष सन्देश प्रदान गर्नुहुन्छ । तर के बाइबलले यस्तो सिकाउँछ? यहाँ चेतावनी दिएको छ । जहिले पनि सुनेका र देखेका छौ भन्ने मानिसहरुप्रति शंकास्पद हुनुहोस् ।

हामीले पत्ता लगाउन चाहेको पहिलो कुरा यो हो: के आज परमेश्वर बोल्नुहुन्छ? यदि बोल्नुहुन्छ भने, उहाँ कसरी बोल्नु हुन्छ? जव हामी हिब्रू १:१,२ पल्टाउँछौ यो सजिलो हुन जान्छ: "प्राचीन कालमा हाम्रा पितापूर्खाहरुसँग अगमवक्ताहरुद्धारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो । तर यी आखिरी दिनहरुमा उहाँ आफ्ना पुत्रद्धारा हामीसँग बोल्नुभएको छ । पुत्रलाई नै उहाँले सबै कुराको उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्धारा नै समस्त सृष्टि रच्नु पनि भयो ।" यो पद अनुसार, परमेश्वर आज बोल्नुहुन्छ र उहाँ आफ्ना पुत्र भएर बोल्नुहुन्छ । मत्ती १७:५ मा ख्रीष्टको रुप परिवर्तन हुँदा यो कुरा दर्शाएको थियो । परमेश्वरको वचनलाई सुन्नुहोस्: "यिनी मेरा प्रिय पुत्र हुन, यिनीसँग म अति प्रशन्न छु, यिनको कुरा सुन ।"

अर्को प्रश्न यो छ: के आज परमेश्वर मानिससँग प्रत्यक्ष रुपमा बोल्नुहुन्छ? जब हामी यी पदहरु पढ्छौ यसले स्पष्ट पार्छ: "येशूले अरु धेरै चिन्हहरु चेलाहरुका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन् । तर यी लेखिएका छन् कि तिमीहरुले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्धारा उहाँको नाउँमा तिमीहरुलाई जीवन प्राप्त होस" (यूहन्ना २०:३०,३१) । अब यी किन लेखेका होलान? ताकि

हामीले विश्वास गर्न सकौं । यी कुराहरु कहाँ लेखिएका छन्? नयाँ करारमा छन् । यसकारण यदि हामीले यस्तो विषय वस्तुलाई पढ्यौं र अध्ययन गऱ्यौं भने हामीले प्रभुको इच्छा थाहा पाउँछौं ।

हामी फेरी पढ्छौं: "जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ" (रोमी १०:१७) । के अरु कुनै तरीकाबाट विश्वास आउँछ? यदि आउँछन् भनी हामीले भनेता पनि धर्मशास्त्रले कहिल्यै भन्दैनन् । यो कुरा सत्य हो कि यसको बारेमा सुनेर कुरा गर्ने, देख्ने र अनुभव गर्नेहरु हुन्छन् तर परमेश्वरको वचनले त्यस्तो कहिल्यै पनि सिकाउँदैनन् । यसको सट्टामा परमेश्वरको वचन सुनेर विश्वास आउँछन् भनी बाइबलले सिकाउँछ । यसकारण, एउटै बाइबल र एउटै विश्वास छ (एफिसी ४:५) । विश्वास परमेश्वरको वचन सुनेर आउने हुँदा हामीलाई वचन अध्ययनको महत्व र धर्मशास्त्र खोजी गर्न भनिएको छ (यूहन्ना ५:३९) । तथ्यपूर्ण रुपमा भन्नुपर्दा धर्मशास्त्र आफैमा तिनीहरुको प्रेरणा र पूर्ण पर्याप्तबारे धेरैमात्रामा जोड दिएका छन् (२ तिमोथी ३:१६,१७) ।

धर्मशास्त्र भन्दछ कि सुसमाचार प्रचार काम संसारिक भाँडोलाई सुम्पिदिएको छ । प्रेरित पावलको कुरा सुन्नुहोस: "हामी आफ्नै प्रचार गर्दैनौं, तर येशूको खातिर हामी तिनीहरुका दास भएर, येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी प्रचार गर्दछौं । जुन परमेश्वरले, "अध्यारोबाट ज्योति चम्कोस् भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरको महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस् सर्वश्रेष्ठ शक्ति हाम्रो होइन् तर परमेश्वरको हो भनी प्रष्ट पार्ने यो धन हामीसँग माटोका भाँडाहरुमा छ" (२ कोरिन्थी ४:५-७) । यहाँ उनले के भनिरहेको छ? उनले सामान्यतया यो भनिरहेको छ कि आफ्ना संगी मानिसहरुलाई सुसमाचार लिएर जानको निम्ति प्रभुले व्यक्तिगत रुपमा पावल जस्तै मानिसलाई चुन्नुभयो । प्रेरितको पुस्तकमा भएका परिवर्तनका विभिन्न विषयहरुबारे अहिले सोच्नुहोस् । उद्धार पाउनको निम्ति मानिसले के गर्नुपर्छ भनी प्रभुले सबै व्यक्तिहरुलाई यसो आज्ञा गर्नु भएको एउटै मात्र उदाहरण थियो । तपाईले पनि सक्नुहुन्छ उदाहरणको निम्ति प्रेरित ८ अध्यायमा प्रभुका दूतले फिलिपलाई नपुसंककहाँ गएर ख्रीष्ट प्रचार गर्न पठाए । प्रश्न: किन प्रभुका दूत आफै गएनन् र अरु मानिसलाई निरन्तर प्रचार गर्न फिलिपलाई सामरियामा छोडे? सामान्यरुपमा प्रभुले सुसमाचार प्रचारको जिम्मा संसारिक भाँडोलाई सुम्पिदिनुभयो । त्यसकारण सुसमाचारको सन्देश

प्रचार गर्ने काम मानिसहरुको हो । फेरि पनि प्रेरित ९ अध्यायमा हामी देख्दछौं कि उद्धार पाउन के गर्नुपर्छ भनी शाऊलले प्रभुलाई सोधे उत्तरमा प्रभुले उनलाई शहरमा जाऊ र उनले के गर्नुपर्ने छ सो बताइनेछ भनी भन्नुभयो । पछि हननिया आएर उनलाई बताए (प्रेरित २२:१६) । किन प्रभुले उनलाई केही बताउनु भएनन्? किनभने यसो गर्नु उहाँको इच्छा थिएनन् । प्रेरितको पुस्तकको परिवर्तनका विषयहरु सबैमा यो उस्तै छन् । यसकारण उद्धार पाउनको निम्ति तिनीहरुले के गर्नुपर्छ भनी प्रभुले आज मानिसहरुलाई धर्मशास्त्र भन्दा बाहिर गएर प्रत्यक्षरुपमा बोल्नुहुन्न भन्ने कुरा हामीलाई थाहा छ । प्रभु यहाँ हुनुभएको भएता पनि उद्धार पाउन के गर्नुपर्छ भनी उहाँले भन्नु हुन्न (प्रेरित ९); यदि उहाँले त्यसो गर्नुभएको भए के यो पहिले नै घोषणा गर्नुभएको सुसमाचारभन्दा फरक हुँदैनन् (गलाती १:६-९)? यसकारण जुन कुरा उहाँले मानिसहरुलाई गर भनेर आज्ञा गर्नुभएको थियो, उहाँ आएर त्यो काम गर्नुमा कुनै उद्देश्य हुँदैनन् (मर्कूस १६:१५,१६) । अर्को शब्दमा भन्नु पर्दा जे कुरा मानिस आफैले गर्न सक्छ त्यो कुरा परमेश्वरले मानिसको निम्ति गर्नुहुन्न् ।

प्रचारकले सुसमाचार अरु मानिसहरुलाई लिएर जानुको महत्वलाई जोड दिनुको कारण के छ भने सुसमाचार सारा संसारलाई सुम्पिदिनु भएको छ । खीष्टले भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१५,१६) । हामी पढ्छौं, "किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ । तर जसलाई विश्वास गरेकै छैनन्, उहाँलाई मानिसहरुले कसरी पुकार्ने? जसको विषयमा सुनेकै छैनन उहाँमाथि तिनीहरुले कसरी विश्वास गर्ने? र प्रचारक विना तिनीहरुले कसरी सुन्ने? र कसैले नपठाइकन मानिसहरुले कसरी प्रचार गर्ने? जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरुका पाउ कति सुन्दर" (रोमी १० :१३-१५) । अन्तमा "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक" (२ तिमोथी ४:२) । तपाई देख्नुहुन्छ कि यहि माध्यमद्धारा प्रभुले आफ्ना इच्छाहरु प्रकट गर्ने कुरा रोज्नु भयो । यो धेरै सामान्य छ ।

यो कुरा सत्य भएर पावलले आफ्ना थेसलोनिकीका दाजुभाइहरुलाई लेख्दछः "यसैको निम्ति हाम्रो सुसमाचारद्धारा हाम्रा प्रभु येशू खीष्टको महिमा प्राप्त गर्न उहाँले तिमीहरुलाई बोलाउनुभयो" (२ थेसलोनिकी २:१४) ।

प्रभुले थेसलोनिकीहरुलाई सुसमाचारद्धारा बोलाउनु भएको पावल भन्दछ । पावल त्यो व्यक्ति हो जसले तिनीहरुलाई सुसमाचार प्रचार गऱ्यो, तिनीहरुले त्यो सुने र त्यसमा आज्ञाकारी भए, र यसरी तिनीहरु ख्रीष्टमा बोलाइयो । यसलाई अर्को शब्दमा भन्नुपर्दा ख्रीष्टले तिनीहरुलाई सुसमाचारको प्रचारद्धारा मुक्तिको निम्ति बोलाउनु भयो ।

यसबारे आज के छ? हामीहरु कसरी बोलाइयो? हामी जो ख्रीष्टियानहरु पनि त्यही सुसमाचारद्धारा त्यसरी नै बोलाइयो । यसको मतलव सुसमाचार हामीलाई सुनाइयौ, हामीले यो सुन्यौं, त्यसैलाई विश्वास गऱ्यौं; त्यसैलाई आज्ञापालन गऱ्यौं र प्रभुले हामीलाई बचाउनु भयो । जब हामी सुसमाचार अरुलाई लिएर जान्छौं फेरी पनि यो पुनः दोहरिन्छ । प्रभुले एकजनालाई एउटा तरीकाबाट र अर्कोलाई अर्कै तरीकाबाट बोलाउनुहुन्न् । यसको सट्टामा उहाँले सबैलाई एउटै सुसमाचारद्धारा बोलाउनुहुन्छ ।


हो, परमेश्वर आज बोल्नुहुन्छ तर उहाँ ख्रीष्ट भएर बोल्नुहुन्छ । ख्रीष्ट वचनद्धारा भएर बोल्नुहुन्छ । जसले ख्रीष्टको आज्ञापालन गर्नुभएको छ, तिनीहरुले नै अरुहरुलाई सुसमाचार प्रचार गर्ने र सिकाउने जिम्मेवारी पाएका छन् । आफ्ना इच्छा प्रकट गर्न र हराएकाहरु उहाँकहाँ आउन, निमन्त्रणा गर्न, यसरी प्रभुले सुसमाचार प्रचारक वा शिक्षकहरुद्धारा भएर काम गर्नु हुन्छ (मत्ती ११:२८-३०) ।

हाम्रो पहिलो कर्तव्य भनेको सुसमाचार प्रचार गर्नु हो । दोस्रो कर्तव्य भनेको प्रभुको आज्ञा पालना गर्न चाहनेहरुलाई सहायता गर्नु हो (मत्ती २८:१९,२०) । त्यसैकारण पावलले यस्तो भनाइ राखे, "किनभने बप्तिस्मा दिनु होइन्, तर सुसमाचार प्रचार गर्न ख्रीष्टले मलाई पठाउनु भएको हो– संसारिक बृद्धिको कुरामा होइन, नत्रता ख्रीष्टको क्रूसको शक्ति व्यर्थ हुनेछ । किनकि नष्ट भइरहेकाहरुका निम्ति क्रूसको सन्देश मूर्खता हो, तर हामी उद्धार पाइरहेकाहरुका निम्ति परमेश्वरको शक्ति हो" (१ कोरिन्थी १:१७,१८) । यसकारण बप्तिस्मा लिनको निम्ति मात्र पावल पठाइएको होइनन् भनी उनी भन्दछन् । उनको पहिलो कर्तव्य भनेको सुसमाचार प्रचार गर्नु हो । स्वभाविक रुपमा जसले प्रभुको आज्ञापालन गर्न चाहन्छन्, तिनीहरुलाई बप्तिस्मा दिन उनी तयार थियो । के तपाईले सुसमाचार सुन्नुभयो? यदि छैन भने, तपाईले अहिले सुसमाचारका बोलावट पाइरहनु भएको छ– त्यो बोलावट ख्रीष्टमा आउनको निम्ति हो । उहाँको आज्ञापालन गर्नु होस् र उहाँले तपाईलाई बचाउनु हुनेछ । ❀

४

# सुसमाचारको आज्ञापालन

## Obedience to the Gospel



के कसैले सुसमाचारको आज्ञालाई पालना गर्न सक्छन्? यस्ता धेरै मानिसहरु छन जसले असम्भव भनी भन्दछन् । तर बाइबलले सम्भव भएका कुराहरु सिकाउँदछ । सुसमाचारका तथ्यहरु छन् जुन कुराहरुलाई पहिले नै निरिक्षण गरिसकेका छौं र हामीले तिनीहरुलाई विश्वास गर्नै पर्छ । सुसमाचारका आज्ञाहरु छन्, जुन यो पाठपछि उल्लेख गरेको छ । हामीले ती आज्ञाहरुलाई पालना गर्नै पर्छ ।

आउनुहोस् यसलाई शुरुवाट गर्न हामी सुसमाचारका तथ्यहरुलाई पुनः केन्द्रित गरौं । पावलले तिनीहरुलाई १ कोरिन्थी १५:१-४ पदहरुमा ख्रीष्टको मृत्यु, गडाई र पुनरुत्थान भनी सुचीकृत गरेका छन् । तर आज्ञापालनसँग यसको के सरोकार छ? यहाँ हामी महत्वपूर्ण कुरा हेर्न गइरहेका छौं । पावलको कुरा सुन्नुहोस् जसरी उनले रोममा भएका ख्रीष्टियानहरुलाई लेख्दछन्: "तर परमेश्वरलाई धन्यवाद होस, कि तिमीहरु, जो एक पल्ट पापका कमारा थियौ अव जुन शिक्षाको नमूनामा तिमीहरु सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ । तिमीहरु पापबाट मुक्त गराएर धार्मिकताका कमारा बनेका छौ" (रोमी ६:१७,१८) । कृपया याद गर्नुहोस् कि तिनीहरु पापका कमाराहरु थिए र अनि धार्मिकताका कमाराहरु भए । के कुराले परिवर्तन ल्यायो? सामान्यतः "जुन शिक्षाको नमुना तिमीहरुलाई सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ ।" अर्को शब्दमा भन्नुपर्दा तिनीहरुले ख्रीष्टको सुसमाचार पालना गरेका थिए । तर कसरी तिनीहरुले तथ्यहरुलाई पालन गर्न सक्थ्यो? तिनीहरुले सक्दैन्थ्यो र सकेनन् । यहाँ शिक्षाले ख्रीष्टको मृत्यु, गडाई र पुनरुत्थानलाई प्रकट गरेको छ । तर फेरी एकपल्टः तिनीहरुले त्यो शिक्षाको नमुनालाई पालना गरेका थिए । यसो गरेर तिनीहरु आफ्ना पापको निम्ति मरे, पानीको बप्तिस्मामा प्रभुसँगै गाडे र पानीको चिहानबाट बौरी उठे । यी सबै कुरा रोमी ६ अध्यायको पहिलो खण्डमा उल्लेख गरेको छ । आउनुहोस् त्यसलाई पढौं, "अब हामी के भनौ? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौ त? त्यसो नहोस् । हामी जो पापको लेखि मर्‍यौ, त कसरी हामी अझै त्यसैमा जिउनु? के तिमीहरु जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट

येशूमा बप्तिस्मा लियौ, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौ? यसकारण बप्तिस्माद्धारा हामी मृत्युमा उहाँसँगै गाडियौं ताकि जसरी पिताको महिमाद्धारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिडौं । यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौ । हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँगै क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस् र अब उसो हामी पापका कमारा नहोऔ" (रोमी ६:१-६) । यहि नै शिक्षाको नमुना हो जुन तिनीहरुले पालना गरे, पावलले रोमी ६:१७,१८ मा यो केन्द्रित गरेको थियो । यहाँमात्र होइनन्, प्रत्येक ठाउँमा जसले ख्रीष्टको सुसमाचार पालना गर्छ उसले शिक्षाको नमुनालाई पालना गर्छ अर्थात उनको कार्यमा प्रभुको मृत्यु, गडाई र पुनरुत्थानको चित्र हुन्छ । त्यसलाई निरन्तरता दिदै, सुसमाचारका आज्ञाहरु के-के हुन र कसरी तिनीहरु ख्रीष्टको मृत्यु, गडाई र पुनरुत्थानसँग सम्वन्धित छन् भन्ने कुरा हामी हेर्न चाहन्छौं । प्रभु स्वयम् आफैले प्रेरितहरुलाई आज्ञा दिनुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१५,१६) । मत्तीको पुस्तकले यसरी अभिलेख राख्दछ, "यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधै तिमीहरुका साथमा छु" (मत्ती २८:१९,२०) । अब तपाईले यहाँ विचार गर्नुहुनेछ कि सुसमाचार प्रचार गर्नुपर्छ भनी प्रभुले आज्ञा दिइराख्नु भएको छ । त्यति मात्र होइनन्, तर प्रत्येक व्यक्तिले उद्धार पाउन निश्चित आज्ञाहरुलाई पालना गर्नै पर्ने कुरा देखाउनु भएको छ ।

प्रभुको आज्ञालाई लिएर जाने क्रममा यरुशलेमको शहरमा प्रेरितहरुले सुसमाचार प्रचार गरेको पाउँछौ (प्रेरित २) । येशू नै साँचो परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरालाई प्रमाणित गर्न तिनीहरुले गवाही र प्रमाणहरु दिए । मानिसहरुलाई यो कुरा चित्त बुझेपछि अभिलेखले भन्दछन् कि तिनीहरुले यो प्रश्न सोधेः "ए भाइ हो, हामीले के गर्ने? त्यसपछि तिनीहरुले केही कुरा गर्नुपर्छ भन्ने कुरा देखाउन पत्रुसले जवाफ दिए, "पश्चात्ताप गर, र तिमीहरुको पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरुले पवित्र आत्माको वरदान

पाउनेछौ" (प्रेरित २:३८) । त्यस्तै गरी प्रेरित ९ अध्यायमा जव प्रभु शाऊलकहाँ देखापर्नु भयो । उनले उद्धार पाउनको निम्ति के गर्नुपर्छ सो जान्न चाहेको थियो । प्रभुले तिनलाई शहरमा जाऊ भन्नुभयो र उनलाई त्यहाँ बताइनेछ । पछि हननिया आयो र त्यस्तै भन्नुभयो (प्रेरित २२:१६) ।

फिलिपले नपुसंकलाई ख्रीष्ट प्रचार गरेको कुरा हामी प्रेरित ८ अध्यायमा पढ्न पाउँछौ र नपुसंकले बप्तिस्मा लिन चाहेको अभिलेखले बताउँछ । तर पछ्याइएको संवादलाई सुन्नुहोस, "फिलिपले भने, 'यदि सारा हृदयले विश्वास गर्नुहुन्छ भने तपाईले बप्तिस्मा लिन सक्नुहुन्छ ।' तिनले जवाफ दिए, 'येशू नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु ।' तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले र उनले तिनलाई बप्तिस्मा दिए । तर जब उनीहरु पानीबाट बाहिर उक्लिआए, तव प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे" (प्रेरित ८:३७-३९) ।

अव, सुसमाचारका आज्ञाहरु के-के हुन्? पहिलो, सुसमाचार प्रचार गरेको कुरा सुन्नु अति आवश्यक छ । दोस्रो, त्यसले परमेश्वर र ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्नै पर्छ । तेस्रो, उनले आफ्ना पापहरुबाट पश्चात्ताप गर्नै पर्छ । चौथो, येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी उनले आफ्नो मुखले स्वीकार गर्नै पर्छ । र पाँचौ, उनले पाप क्षमाको निम्ति पानीमा डुबेर बप्तिस्मा लिनै पर्छ ।

यी विचारहरुलाई निरन्तरता दिदै सुसमाचारका आज्ञाहरुलाई पालना गर्न उ आफ्नो पापको लेखि मरेको हुन्छ । उनले सुसमाचार सुनेको हुन्छन्, प्रभुमा विश्वास गर्दछन् र पापबाट फर्किन वा आफ्ना पापबाट पश्चात्ताप गर्छन् । यसरी पापको लेखि मृत्यु भएको जनाउँदछ । मृत्युपछि गडाई हुन्छ । यो पानीमा गाडने हो । गाडेको कुरा देखाउन फिलिप र नपूंसक पानीमा ओर्लेको कुरा हामीले पहिले नै अवलोकन गरिसकेका छौं । बप्तिस्मा पानीमा गाड्ने कुरा हो भनी हामीलाई कलस्सी २:१२ र रोमी ६:४ ले भन्दछन् । गाडिसकेपछि पुनरुत्थान हुन्छ । फिलिप र नपुंसक पानीबाट बाहिर उक्लिआएको कुरा प्रेरित ८ अध्यायले भन्दछ । रोमी ६ अध्यायले पनि गडाई र पुनरुत्थानबारे भन्दछ । जीवित पारेको र नयाँ जीवनको मार्गमा हिडौ भन्दछ । यसरी कसैले यी सामान्य


आज्ञाहरुलाई पालन गर्दछन् भने हामी प्रत्येक प्रभुको मृत्यु, गडाई र पुनरुत्थानमा सहभागी भइरहेको हुन्छ । त्यति मात्र होइन्, तर प्रत्येक जसले ख्रीष्टलाई पालना गर्दछन् त्यसले उहाँको मृत्यु, गडाई र पुनरुत्थानलाई चित्रण गरेको हुन्छ । पानी र आत्माद्धारा जन्मने कुरा ख्रीष्टले यूहन्ना ३:३-५ मा भन्नुहुन्छ । एउटै कुरालाई फरक तरीकाले प्रस्तुत गरेको मात्र हो । जब कोही पानीमा गाडिन्छ, अनि पानीबाट निस्कन्छ वा पानीबाट जन्मिन्छ, जुन पानीको चिहानबाट पुनरुत्थान हुनु हो । यसरी कोही नयाँ जीवनको मार्गमा हिड्छ, अब उ ख्रीष्टमा नयाँ सृष्टि हुन्छ (२ कोरिन्थी ५:१७) ।

आज्ञा पालना गर्नुपर्छ । जसले प्रभुका आज्ञाहरु पालन गर्दछन्, उसलाई इनाम मिल्दछन् । तर कृपया ती तथ्यहरुलाई याद गर्नुहोस् कि सुसमाचारका कुनै पनि आज्ञाहरुलाई महत्वपूर्ण नभएको वा अनावश्यक ठानी वेवास्ता गर्न सक्दैनन् । प्रत्येक आज्ञालाई पालना गरे पछि प्रभुले त्यो मानिसलाई बचाउनु हुन्छ, मण्डलीमा थप्नुहुन्छ; अनन्त जीवनको आशासहित उनलाई सबै आत्मिक आशिषहरु दिनुहुन्छ ।

सुसमाचार सबैको निम्ति हो । उद्धार पाउनको निम्ति सबैले आज्ञा पालन गर्नु पर्ने भएता पनि पावल विलाप गर्दछन्, "तर तिनीहरु सबैले सुसमाचार पालना गरेका छैनन्, किनकि यशैया भन्छन, "हे प्रभु, हामीबाट सुनेको कुरा कसले विश्वास गरेको छ?" (रोमी १०:१६) । उद्धार पाउनको निम्ति आज्ञा पालन गर्नु पर्ने महत्वपूर्ण कुरालाई प्रयोग गरेका छन् । तर जसले पालना गरेका छैनन् तिनीहरुको बारेमा के भन्ने? यस्तो अवस्थामा उहाँ भन्नुहुन्छ, "र तिमी कष्ट पाएकाहरुलाई हामीहरुसँगै आराम दिनुहुन्छ । यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरुसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ । परमेश्वरलाई नचिन्नेहरुलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरुलाई उहाँले दण्ड दिनुहुन्छ । तिनीहरुले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्" (२ थेसलोनिकी १:७-९) । यो पद अनुसार, एकातर्फ परमेश्वरलाई नचिन्नेहरु र अर्को तर्फ सुसमाचार पालन गर्न असफल हुनेहरुको एउटै परिणाम हुनेछ, प्रभुले बदला लिनुहुने छ । जसले सुसमाचारलाई पालन गर्छ त्यसको उद्धार हुनेछ तर जसले विश्वास गर्दैनन् तिनीहरु दोषी हुनेछन् भनी ख्रीष्टले भन्नुभयो (मर्कूस १६:१६) । जसले आफ्नो उद्धारलाई बेवास्ता गर्दछन्, तिनीहरु उम्कन सक्दैनन् भनी यी सबै कुराहरुले भन्दछन् (हिब्रू २:२,३) । ❀

५

# सुसमाचार सुन्दै
## Hearing the Gospel



मानिसले जे सुन्छन् त्यसैबाट उसको विश्वास आउँछ । विशेषगरी यदि उनले सत्य सिक्नको निम्ति मेहनत गरी धर्मशास्त्रको खोजी गर्दैनन् भने त्यस्तो अवस्थामा गलत कुराहरु सुन्दा त्यसको परिणाममा उसले गलतलाई विश्वास गर्छन् । यदि उसले सत्यतालाई सुन्छन् भने निश्चय नै उसले सत्यतामाथि नै विश्वास गर्छन् । यसैकारण परमेश्वरको शुद्ध वचन सुन्नु निकै महत्वपूर्ण छ । पावल भन्दछ, "विश्वास सुनाईबाट आउँछ, सुनाई परमेश्वरको वचन सुनेर आउँदछ" (रोमी १०:१७) । कृपया याद गर्नुहोस् सुन्ने कुरालाई जोड दिएको छ, वचन सुन्ने बाहेक अरु कुनै पनि कुरा सुन्ने होइनन्, जसले साँचो विश्वासतर्फ डोऱ्याउँछ ।

उनको विश्वास परमेश्वरको वचनमा आधारित छ भनेर कसरी पक्का गर्न सकिन्छ? त्यतिबेला यस्तो प्रश्न उठ्छ । परमेश्वरको नाउँद्वारा धेरै कुराहरु सिकाएका छन् र बाइबलको पानाबाट आएका धेरै कुराहरुलाई बताएका छन् । यी धेरै कुराहरु अमिल्दो छन् । यसकारण धेरै विभाजन र अलमल्ल छन् । कसैले सत्यता सुनेको छ कि छैनन् भनी कोही कसरी पक्का हुन सक्छ? सबै भन्दा उत्तम उपाय भनेको बाइबलमा जानु हो । उनले अरुप्रति उच्च प्रेम र सम्मान गरेता पनि कुनै पनि मानिसले सिकाएको वा प्रचार गरेका कुराहरुलाई अन्तिम यही नै हो भनेर स्वीकार गर्नु हुँदैन । हाम्रो आत्मा अति मूल्यवान छन् र हाम्रो निम्ति अनन्तता धेरै लामो छ, जसमा हाम्रो विश्वास र उद्धार मुक्ति मात्र मानिसहरुको वचनमा राख्नु पर्छ भन्छन् । त्यसको सट्टा हामी सत्यको स्रोत बाइबलमा जानुपर्छ । हामी सही मार्गमा छौ भन्नको निम्ति यसलाई पढेर, अध्ययन गरेर, धर्मशास्त्रलाई खोजी गर्नुपर्छ । यदि हामी सही छैनौं भने हामी सही हुनुपर्छ ।

ख्रीष्टले भन्नुभयो, "तिमीहरु धर्मशास्त्र खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरु ठान्दछौ । मेरा विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्" (यूहन्ना ५:३९) । पावलको प्रचार सुनेपछि बेरियाका

मानिसहरुको बारेमा हामी पढ्छौं, "यहाँका यहूदीहरु थेसलोनिकेकाहरु भन्दा बढी भला थिए । किनभने यिनीहरुले पुरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरु ठीकै त्यस्तै हुन कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानविन गर्थे" (प्रेरित १७:११) । अब यस बारेमा एकछिन सोच्नुहोस् । पावलले तिनीहरुलाई प्रचार गरिसकेपछि ती प्रचार गरेका कुराहरु सत्य हुन कि होइनन् भनेर मानिसहरु परमेश्वरको वचन अध्ययन गरिरहेका थिए । पावलको प्रचार पछि त्यतिवेलाका मानिसहरुले धर्मशास्त्रलाई छानविन गर्न सक्थ्यो भने आज हामीहरुले वर्तमान प्रचारकहरुबाट प्रचार सुनेपछि हामीहरुले पनि धेरै मात्रामा त्यस्तै गर्नुपर्छ । सबैले छानविन गऱ्यो भने के त्यो अच्चमको कुरा हुँदैनन् र? यदि सबैले त्यसो गर्न थाल्यो भने धेरै कम मात्रामा धार्मिक गलत कुराहरु हुन्छन र निश्चय नै थोरै मात्र झुटा शिक्षकहरु हुन्थ्यो ।

पावलले जवान प्रचारक तिमोथीलाई परमेश्वरको वचन अध्ययन गर्नको निम्ति भनी हौसला दिन्छन, "शर्माउन नपर्ने र सत्यताको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदार जस्तै आफुले आफुलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दुर प्रयत्न गर" (२ तिमोथी २:१५) । किन धेरै मानिसहरुले परमेश्वरको वचनलाई वेवास्ता गर्छन? किनभने तिनीहरुले धर्मशास्त्रलाई अध्ययन गरेका छैनन् । किन धेरै मानिसहरु धर्ममा छलिरहेका छन्? तिनीहरुले सही र गलत विचको भिन्नता थाहा पाउनको निम्ति बाइबल अध्ययन गरेका छैनन् । किन धेरै मानिसहरु मोशाको व्यवस्था र ख्रीष्टको व्यवस्थामा अलमल्ल पर्छन? यो एउटा समस्या हो- के तिनीहरुले बाइबल अध्ययन गरिरहेका छैनन्? त्यसकारण सत्यताको वचनलाई सही तरीकाले प्रयोग गर्न सक्दैनन् । मेरा प्रियजनहरु, यदि प्रेरित पावलले सुसमाचार प्रचारकलाई परमेश्वरको वचन अध्ययन गर्न हौसला दिइरहेका छन् भने तपाई र मैले पनि त्यस्तै तरीकाले बाइबल अध्ययन गर्नुपर्छ भन्ने कुराको आवश्यकतालाई सोच्ने बनाउँदैनन्?

आफ्नो समयका ख्रीष्टियानहरुलाई यूहन्नाले हौसला दिन्छन्, "प्रिय हो, जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरु परमेश्वरबाट आएका हुन कि होइनन् भनेर तिनको जाँच गर । किनभने धेरै झुटा अगमवक्ताहरु यस संसारमा निस्किआएका छन्" (१ यूहन्ना ४:१) । यहाँ प्रेरित यूहन्नाले परमेश्वरका मानिसहरुलाई हरेक आत्मा वा हरेक

प्रचारकहरुलाई सामान्यरुपमा विश्वास नगर्न अनुरोध गरेका छन् । किनभने धेरै झुटा अगमवक्ताहरु वा प्रचारकहरु संसारमा आइरहेका छन् । त्यो व्यक्ति सही हो वा गलत हो भन्ने कुरा हामीले कसरी थाहा पाउन सक्छौ? हामीले तिनीहरुलाई जाँच गर्नुपर्छ भनी उनी सल्लाह दिन्छन् । हामी त्यो कसरी गर्न सक्छौ? तिनीहरुको शिक्षा र प्रचारलाई परमेश्वरको वचनसित तुलना गरेर थाहा पाउन सक्छौ । यदि हामी त्यसो गर्छौं भने कसले सत्य प्रचार गरिरहेका छन् र कसले छैनन भन्ने कुरा हामी सजिलै भन्न सक्छौं ।

जब फिलिप नपुंसकको रथमा चढे, उनले धर्मशास्त्र पढिरहेका भेट्टायो र लेखले भन्दछ, "तव फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए" (प्रेरित ८:३५) । त्यसको परिणाममा उनको हृदयमा साँचो विश्वास उत्पन्न भयो र उनले प्रभुमा आज्ञा पालन गरे । प्रेरित ८:५ मा हामीलाई थाहा छ कि फिलिप सामरियामा गएर उनले मानिसहरुलाई येशूको बारे प्रचार गरे । पछि जव पत्रुस र यूहन्ना भेट्न गयो, अभिलेखले भन्दछ कि तिनीहरुले प्रभुको वचन प्रचार गरे र त्यसपछि तिनीहरु यरुशलेम फर्के (प्रेरित ८:२५) । तिनीहरुले परमेश्वरको वचन र ख्रीष्टलाई प्रचार गरेको कुरालाई जोड दिएको अवलोकन गर्नुहोस् ।

सुसमाचार सुन्ने दुईवटा माध्यमहरु छन् । सर्वप्रथम, जुन कुरा पहिले नै उल्लेख गरिसकेका छौं, हामीले परमेश्वरको वचन आफ्नै निम्ति अध्ययन गर्न सक्छौं । यसो गर्नाले, हामीले ख्रीष्ट, पावल, पत्रुस र अरु परमेश्वरका जनहरु जसद्धारा परमेश्वरका अभिप्रेरित वचनहरु सुन्ने मौका हुन्छ । अहिलेको आधुनिक समयमा पनि सबै मानिसहरुले परमेश्वरको वचन पढ्न सक्दैनन् । यसको अर्थ अरु कसैको मुखबाट सिकाएका परमेश्वरको वचन सुन्नमा निर्भर हुनुपर्छ । यस्तो अवस्थामा दुई समुहका मानिसहरु सहभागी हुन्छनः प्रचारक र सुन्ने स्रोताहरु । यसैकारण परमेश्वरका वचन प्रचार गर्ने प्रत्येक व्यक्तिहरुमा ठुलो जिम्मेवारी हुन्छ । त्यो बाइबल अनुसार सत्य हुनै पर्छ । यदि उसले परमेश्वरको वचनलाई बेवास्ता र छलीपूर्वक प्रयोग गरेर कसैलाई गलत तर्फ डोऱ्याइरहेको छ भने त्यसको परिणाममा उ आफैले कष्ट भोग्नेछ । विभाजन ल्याउने मानिसहरु, राम्रो शब्दहरु र मिठो-मिठो बोलीले सीधा-साधाहरुका

हृदयलाई धोका दिने मानिसहरुबाट अलग्गै बस्नु भनी पावलले रोमी दाजुभाइहरुलाई चेतावनी दिन्छन् (रोमी १६:१७,१८) । स्वीकार गर्नुभन्दा अघि उनले सुनेका कुराहरु सत्य हो कि होइन् भनी पक्का गर्ने जिम्मेवारी सुन्ने स्रोताहरुमा हुन्छन् । यस्तो अवस्थामा जसले परमेश्वरको वचन पढ्न सक्छन् तिनीहरुले आफ्नो निम्ति सामान्यतया धर्मशास्त्रहरुलाई छानविन गर्छन् । तर जसले पढ्न सक्दैनन तिनीहरुमा समस्या हुन्छन् । तिनीहरुले सत्यता पाइरहेका छन् भन्ने कुरा पक्का गर्नको निम्ति परमेश्वरको वचनबाट तिनीहरुको निम्ति प्रत्यक्षरुपमा कसैले पढेर सुनाइ दिनुपर्छ । यदि कसैले सत्य जान्न चाहन्छन भने निश्चय नै सत्य सिक्ने मार्गहरु पनि छन् । संसारमा गएर सारा जातिलाई सुसमाचार प्रचार गर भनेर प्रभुले प्रेरितहरुलाई भन्नुभयो त्यही सुसमाचार सबैले सुन्नु पर्छ । यो निकै महत्वपूर्ण छ (मर्कूस १६:१५) । पुनः अभिलेखले भन्दछ कि तिनीहरु सबै सारा जातिहरु कहाँ गएर सिकाउनु पर्छ (मत्ती २८:१९) । किन? मानव जातिले परमेश्वरको वचन, सत्य, सुसमाचार सुन्नुपर्छ । त्यसमा विश्वास गर्नुपर्छ, आज्ञाकारी हुनुपर्छ र अनि उद्धार पाउँछ । पावलले तिमोथीलाई लेख्दछ, "आफ्नो विषयमा र आफ्नो शिक्षाको विषयमा होशियारी बस् । यी कुरामा लागिरह । यसो गर्नाले तिमीले आफैलाई र सुन्नेहरुलाई समेत बचाउनेछौ" (१ तिमोथी ४:१६) । कसरी सुनेर एकजनाको उद्धार हुन्छ? जसरी अघिनै उल्लेख गरिसक्यो, विश्वास सुनाइबाट आउँछ, र सुनाइले विश्वास र आज्ञापालनमा डोऱ्याउँछ र आज्ञाकारीताले उद्धार ल्याउँछ । यहि कुरा वास्तवमा पावलले भनिरहेको छ ।

यदि तपाईले प्रेरितको पुस्तकबाट परिवर्तनका सबै घटनाहरुलाई पढ्नु हुन्छ भने सबै ठाउँमा सुसमाचार प्रचारकले वचन प्रचार गरेको कुरा अवलोकन गर्नुहुन्छ । प्रचारकको काम के थियो? उद्धार पाउन आवश्यक भएकाहरुलाई सुसमाचार प्रचार गऱ्यो । यसकारण, जब तिनीहरुले सुसमाचार सुने, विश्वास गरे, यसमा आज्ञाकारी भए, त्यसपछि तिनीहरुको उद्धार भयो । यदि तिनीहरुले परमेश्वरको वचन सुन्ने मौका नै पाएनन भने के हुन्थ्यो? तिनीहरुको उद्धार हुँदैनन् किनभने परमेश्वरको वचन सुनाइद्धारा विश्वास आउँछ, विना विश्वास परमेश्वलाई प्रशन्न पार्न सक्दैनन् (हिब्रू ११:६) ।

## सुसमाचार सुन्दै

परमेश्वरले आफ्नो पुत्र येशूको रुप परिवर्तनमा भन्नुभयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन" (मत्ती १७:५) । फेरि पनि येशू खीष्टद्धारा आज परमेश्वर कसरी बोल्नुहुन्छ भन्ने कुरा हिब्रू १:१२ मा पढ्न पाउँछौ । अन्तमा हामी पढ्न पाउँछौ कि खीष्ट वचन हुनुहुन्छ (यूहन्ना १:१,२) । यसकारण यो महत्वपूर्ण छ कि हामी खीष्टको वचन सुनेर विश्वास गर्छौं । उहाँ हामीलाई बचाउन आउनुभयो । मानिसहरुले भनेका कुराहरुलाई बिसर्नुहोस् । प्रभुले भन्नुभएका कुराहरुलाई मानिसहरुका विचार, सोच, शिक्षाहरुसित तुलना गर्ने हो भन्ने ती सबै व्यर्थका हुन्छन् । हामीले सुन्नै पर्ने कुराहरु खीष्टमा छन् । हामीले विश्वास गर्नुपर्ने कुरा खीष्टमा छन् । हामीले खीष्टको आज्ञाहरुलाई पालन गर्नुपर्छ ।

अन्तमा, याकूव लेख्दछ, "तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ" (याकूव १:२२) । परमेश्वरको शुद्ध वचनलाई सुन्नु निकै महत्वपूर्ण छ, हामी यहि रोकेर हाम्रो उद्धार गुमाउन पनि सक्छौ । सत्यतालाई पालना नगरेसम्म त्यसले हामीलाई बचाउन सक्दैनन् । यसैकारण वचन सुन्ने मात्र नभएर पालना गर्ने हो भनी हामीलाई उत्साह दिएका छन् । यसलाई हामीले राम्रो तवरले स्मरण गर्नुपर्छ ।

❁

**"विश्वास सुनाईबाट आउँछ, सुनाई परमेश्वरको वचन सुनेर आउँदछ" (रोमी १०:१७) ।**

**"यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढी भला थिए । किनभने यिनीहरूले पुरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानविन गर्थे" (प्रेरित १७:११) ।**

**"शर्माउन नपर्ने र सत्यताको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदार जस्तै आफुले आफुलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दुर प्रयत्न गर" (२ तिमोथी २:१५) ।**

## ६ परमेश्वरमा विश्वास

## Faith in God



हिब्रू लेखक भन्दछ, "अव विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो" (हिब्रू ११:१) । विश्वासलाई भरोसा, निर्भरता, स्वीकार भन्न सक्छौं जसले आज्ञाकारितामा डोऱ्याउँछ । विश्वासकै जगमा टेकेर मानिस खीष्टियान हुन्छन् र विश्वास कै कारणले खीष्टियन भैरहन्छन् ।

पुनः हिब्रू लेखक भन्दछन्, "विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ" (हिब्रू ११:६) । कृपया याद गर्नुहोस् कि परमेश्वरमा विश्वास गर्दा दुईवटा कुराहरु समावेश भएको हुन्छन् । पहिलो, उहाँ अस्तित्वमा हुनुहुन्छ भन्ने कुरा विश्वास गर्नै पर्छ । दोस्रो, उहाँको पछि गएर उहाँलाई खोज्नेहरुलाई परमेश्वरले इनाम दिनु हुन्छ भन्ने कुरा विश्वास गर्नै पर्छ । यदि यी कुराहरु अभाव छ भने कसरी उनको विश्वास ग्रहणयोग्य हुन्छन्? जव हामी हाम्रो वरपर हेर्छौं र अस्तित्व भएका सबै कुराहरुलाई नियाल्छौं तव कसरी परमेश्वर स्वर्गमा हुनुहुन्छ भनी हामी विश्वास गर्छौं वा हामीलाई सहायता हुन सक्छन्? त्यहाँ स्वर्गहरु, पृथ्वी, प्राणीहरु, मानव जीवन छन् । यी सबै कुराहरुले सृष्टिकर्त्तालाई दर्शाउँछ । दाऊद घोषणा गर्दछ, "आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ र तारा मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ" (भजन संग्रह १९:१) । परमेश्वरको अस्तित्वलाई मूर्खले मात्र इन्कार गर्छन् (भजन संग्रह १४:१) ।

परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्नु मात्र पर्याप्त होइन् । येशू खीष्ट उहाँको पुत्र हुनुहुन्छ भन्ने कुरालाई पनि विश्वास गर्नै पर्छ । खीष्ट आफैले भन्नुभयो, "तिमीहरुको हृदय व्याकुल नहोस् । तिमीहरु परमेश्वर माथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर" (यूहन्ना १४:१) । अरु यस्ता धेरै पदहरु छन् जसले उस्तै कुरा सिकाउँदछन् । सुन्नुहोस्:

## परमेश्वरमा विश्वास

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६) । "येशूले उच्च स्वरले भन्नुभयो, "मलाई विश्वास गर्नेले मलाई होइन्, तर मलाई पठाउनुहुनेमाथि विश्वास गर्दछ" (यूहन्ना १२:४४) ।

खीष्टमा विश्वास नगर्नेहरुको बारेमा के भन्ने? यी प्रत्येक व्यक्तिहरुको बारेमा हामीलाई धर्मशास्त्रले भन्दछ । खीष्टले भन्नुभयो, "जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैनन्, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन" (यूहन्ना ३:१८) । "जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ" (यूहन्ना ३:३६) । "मैले तिमीहरुलाई भने, तिमीहरु आफ्ना पापमा मर्नेछौ, किनभने म उही हुँ भनेर तिमीहरुले विश्वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ" (यूहन्ना ८:२४) । परमप्रभुमा विश्वास गर्दा प्राप्त हुने आशिषहरुलाई हामीले अघिको धर्मशास्त्रका पदहरुमा पायौ, तर उहाँलाई विश्वास नगर्नेहरुको निम्ति सजाय, दण्ड र धिक्कार पनि हामी त्यही समयमा देख्छौं ।

परमेश्वर र खीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरालाई कति हदसम्म विश्वास गर्ने? हामीले उहाँलाई मनले स्वीकार गर्न सक्छौं, तर के यतिले पर्याप्त हुन्छ? परमेश्वरको वचनले भन्दछ कि हामीले हाम्रो विश्वास देखाउनु पर्छ अथवा विश्वासलाई प्रमाणित गर्नुपर्छ । उदाहरणको निम्ति खीष्टले भन्नुभयो, "मैले भनेका कुरा गर्दैनौ भने किन मलाई 'प्रभु, प्रभु भन्दछौ" (लूका ६:४६)? पुनः उहाँ भन्नुहुन्छः "मलाई 'प्रभु प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ । त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु के हामीले तपाईको नाउँमा अगमवाणी बोलेनौ?' तपाईको नाउँमा भूतहरु धपाएनौ र तपाईको नाउँमा अनेक शक्तिशाली काम गरेनौ र? अनि म तिनीहरुलाई सफासँग भन्नेछु, 'मैले तिमीहरुलाई कहिल्यै चिनेको छैन् ।' ए अधर्म काम गर्नेहरु हो, मबाट दूर होओ" (मत्ती ७:२१-२३) । यी मानिसहरु विश्वासी थिए र

यसको साथै तिनीहरु धार्मिक अभ्यासहरुमा पनि सामेल भइरहेका थिए, गलत के थियो? तिनीहरुले स्वर्गमा हुनुहुने पिताको इच्छा अनुसार गरिरहेका थिएनन् ।

उहाँले जे भन्नुहुन्छ, हामी त्यो गर्छौं र हामीले गर्नै पर्छ । उद्धारको निम्ति हामीले प्रभुमा विश्वास गर्नै पर्छ । त्यसैकारणले गर्दा "विश्वासले मात्र" बचाउन सक्दैनन । याकूव लेख्दछ, "यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो" (याकूव २:१७) । लेखक अझै भन्दछ, "तिमीहरु देख्दछौ कि कामद्धारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्धारा मात्र होइन्" (याकूब २:२४) र अन्तमा, "जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरुदेखि अलग हुँदा मरेको हुन्छ" (याकूव २:२६) । प्रेरणा प्राप्त लेखकले यी विविध पदहरुद्धारा हामीलाई देखाइरहेको छ कि उद्धार पाउनको निम्ति "विश्वासद्धारा मात्र" भन्दा पनि धेरै कुराहरु चाहिने रहेछन् । लेखकले एकभन्दा बढी उदाहरणहरुद्धारा यसलाई प्रमाणित गरेको छ ।

कहिलेकाहिँ "विश्वासद्धारा मात्र" उद्धार पाउँछन् भनेर प्रचार गर्ने प्रचारकहरु र शिक्षकहरुले आफ्नो अडानलाई स्थिर गर्न यूहन्ना ३:१६ पदलाई उदाहरण लिने गर्दछन् । तै पनि ख्रीष्टले विश्वास मात्रको बारेमा केही पनि भन्नुभएको छैनन् । त्यसको सट्टामा उहाँले देखाउनुहुन्छ कि यदि हामीले परमेश्वरमा विश्वास गर्छौं भने हाम्रो विनाश हुनेछैनन् तर अनन्त जीवन प्राप्त हुनेछ । प्रश्न यो हुनेछ; यदि कसैले परमेश्वर र उहाँको वचनमा विश्वास गर्छन् भने त्यो व्यक्तिले के गर्नुपर्छ? निश्चय नै उसले प्रभुको आज्ञालाई पालना गर्छ, र त्यहि नै प्रमुख कुरा हो ।

हो, विश्वासद्धारा धार्मिकता आउँछ (रोमी ५:१०), विश्वासद्धारा मात्र होइन् । हामी अनुग्रहद्धारा विश्वासबाट उद्धार भएको छ (एफिसी २:८,९), तर "विश्वासद्धारा मात्र" होइन् । कसैको उद्धार हुन सक्छन् भनेर विवाद गरिरहनु पर्दैनन् र "विश्वासद्धाराले मात्र" भनेर प्रचार गर्नु बलजफ्ती आफ्नो अवस्थालाई कायम गर्न खोज्नु हो । वास्तवमा सम्पूर्ण समस्या विश्वासको अर्थमा रहेको छ, बाइबलले जुन प्रकारको विश्वासको बारेमा कुरा गर्दछन्, त्यो क्रियाशिल विश्वास, चल विश्वास, कार्य गर्ने विश्वास, आज्ञाकारी विश्वासको बारेमा हो । एक जना बिरामी मानिसलाई तिनीहरुले येशूकहाँ ल्याउनु भएको थियो, येशूले ती मानिसहरुको

विश्वास देखाउनुभयो यो घटना हामीले मत्ती ९:२ मा पढ्न पाउँछौ । विश्वासको बारेमा कुरा मात्र गरेको भन्दा उहाँले हाम्रो विश्वास हेर्न चाहनुहुन्छ । उहाँका आज्ञाहरुमा हामी आज्ञाकारी भएर, हाम्रो कामहरुद्धारा हाम्रो विश्वासलाई प्रदर्शन गरेको उहाँ चाहनुहुन्छ । नत्र होइन भने हाम्रो विश्वास मृत र व्यर्थको हुन्छन् ।

ख्रीष्टको सुसमाचारको एउटा आज्ञा विश्वास गर्नु पनि हो । परमेश्वरको वचन सुनेर विश्वास आउँछ (रोमी १०:१७) । यसले प्रत्येक व्यक्तिहरुलाई आफ्नो पापको पश्चात्ताप गराउँछ, ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी स्वीकार गर्न लगाउँछ, पाप क्षमाको निम्ति बप्तिस्मा तर्फ डोऱ्याउँछ । यी सबै कुराहरु अब आउने पाठहरुमा उल्लेख गरिएको छ । तर विश्वासविना यी आज्ञाहरु पालन गरेको हुँदैनन् । प्रभुको आज्ञामाथि प्रश्न गर्ने होइन्, तर आज्ञा पालन गर्ने हो । उहाँको शिक्षालाई इन्कार गर्ने होइनन्, तर स्वीकार गर्ने हो ।

ख्रीष्टले भन्नुभयो, "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१६) । स्वभाविक रुपमा यदि कसैले विश्वास गर्दैनन् भने उ प्रभुप्रति आज्ञाकारी हुँदैनन् । त्यहि समयमा यदि उसले विश्वास गर्छन भने ख्रीष्टको आज्ञालाई पालन गर्छन् त्यसको मतलव उनले बप्तिस्मा पनि लिनेछन् । यो निकै सामान्य कुरा हो, होइन र? प्रेरितको पुस्तकमा परिवर्तनका सबै घटनाहरुमा प्रचारकले मानिसहरुलाई प्रचार गर्छन् । मनिसहरुले वचन सुन्दछन्, सुसमाचारलाई विश्वास गर्छन, आफ्ना पापहरुप्रति पश्चाताप गर्छन, ख्रीष्टलाई स्वीकार गर्छन र पाप क्षमाको निम्ति बप्तिस्मा लिन्छन् । तव के हुन्छ? जव कसैले सुसमाचार सुन्दछन्, विश्वासको विन्दुसम्म आउँछन्, अरु बाँकी कुराहरुमा समस्या हुँदैनन् । किनभने अव उ प्रभुको आज्ञा पालना गर्न तयार हुन्छन् । सबै कुरा उसले विश्वास गरेको छ कि छैनन् भन्ने कुरामा निर्भर हुन्छन् ।

हामी प्रेरित २ अध्यायमा अविश्वासीहरुको समुहबारे पढ्न पाउँछौं । तिनीहरु मध्येका कोही मानिसहरु वास्तवमा ख्रीष्टलाई क्रूसमा टाँग्ने काममा सहभागी भएका थिए । पत्रुस र प्रेरितहरुले तिनीहरुलाई सुसमाचार प्रचार गरे । ख्रीष्ट वास्तवमा परमेश्वरको पुत्र कसरी हुनुहुन्थ्यो भनी प्रेरितहरुले देखाए । उनीहरुलाई दोषी ठहऱ्याई सकेपछि यो सामान्य

प्रश्न सोधेको थियो, “अब हामीले के गर्ने?” (प्रेरित २:३७) । अर्को शब्दमा तिनीहरु अब आफ्नो विश्वास अनुसारको काम गर्न तयार भएका छन् र करिव तीन हजार मानिसहरुले आज्ञा पालना गरे (प्रेरित २:४१) । अभिलेखले भन्दछ कि फिलिप सामरियामा गएर सुसमाचार प्रचार गरे । धेरैले विश्वास गरेर बप्तिस्मा लिए (प्रेरित ८:१२) । जव फिलिपले नपुंसकलाई ख्रीष्टको बारेमा प्रचार गऱ्यो । लेखले भन्दछ कि उनले विश्वास गरे र उनलाई भने बमोजिम उनले गरे र आफ्नो बाटो आनन्दित भएर गयो (प्रेरित ८:२६-३९) । प्रेरित १६ अध्यायमा पावल र सिलासले जेलको हाकिमलाई उद्धार पाउन विश्वास गर्नै पर्छ भन्ने कुरा बताइरहेका थिए । तर उ अविश्वासी थियो । उनी र उनका घरानाले विश्वास गर्नको निम्ति तिनीहरुले परमेश्वरको वचन प्रचार गरे । त्यसपछिको अभिलेखले हामीलाई भन्दछ कि परिणाममा भ्यालखानाको हाकिमले तिनीहरुलाई लगेर घाउहरु धोइदिए, यसले पश्चाताप गरेको देखाउँछ । उ र उनका सबै परिवारहरुले बप्तिस्मा लिए (प्रेरित १६:३०-३३) । अरु सबै परिवर्तनको घटनाहरुमा पनि यस्तै कुराहरु समानान्तर छन् ।

अन्त्यमा धर्मशास्त्रले विश्वास एउटै छ भनी सिकाउँछ (एफिसी ४:५) । बाइबल एउटै छ, र जब सबैले यसलाई अँगाल्छन् र यसलाई विश्वास गर्छन, त्यसपछि हामी सबैसँग एउटै विश्वास हुन्छन् । त्यो विश्वासले हामीलाई एउटै काम गर्न लगाउँछ- परमप्रभुको आज्ञा पालन गर्ने र उहाँमा विश्वास योग्य हुने बनाउँछ ।

❁

**“अव विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो”** (हिब्रू ११:१) ।

**“तिमीहरूको हृदय व्याकुल नहोस् । तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर”** (यूहन्ना १४:१) ।

**“विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो पर मेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ”** (हिब्रू ११:६) ।

७

# पापको पश्चात्ताप

## Repentance of Sins



सुसमाचारको अर्को आज्ञा पश्चात्ताप हो । पश्चात्ताप के हो र खीष्टको मृत्यु, गडाई र पुनरुत्थानमा यसको के अर्थ लाग्छ? यसलाई शुरु गर्दा, पश्चात्तापको अर्थ पुन फर्कनु, अर्को दिशामा जानु, परिवर्तन हुनु, खराब ⁄गलत कुराहरुलाई छोडनु भन्ने लाग्छ । हामीले जुन विषयमा कुरा गरिरहेका छौं त्यसलाई उदाहरणको निम्ति येशूले एक समयमा एउटा कथा भन्नुभयो । उहाँले भन्नुभयो, "तिमीहरु के विचार गर्दछौ? एक जना मानिसका दुई छोरा थिए । उसले पहिलो कहाँ आएर भन्यो, 'छोरा, गएर आज दाखबारीमा काम गरिदे ।' त्यसले जवाफ दियो, 'म जान्नँ ।' तर पछिबाट पछुताएर गयो । "दोस्रोकहाँ आएर उसले त्यसै भन्यो । त्यसले जवाफ दियो, 'म जान्छु' । तर उ गएन । "अव यी दुईमा कुनचाहिँले बावुको इच्छा पालन गऱ्यो?" तिनीहरुले जवाफ दिए, "पहिलो चाहिँले ।" येशूले तिनीहरुलाई भन्नुभयो, 'साँच्चै म तिमीहरुलाई भन्दछु, कर उठाउनेहरु र वेश्याहरु तिमीहरुभन्दा अघि परमेश्वरका राज्यमा प्रवेश गर्छन् । किनकि यूहन्ना तिमीहरुकहाँ धार्मिकताको मार्ग देखाउन आए, तर तिमीहरुले उनीमाथि विश्वास गरेनौ, तर कर उठाउनेहरु र वेश्याहरुले उहाँमाथि विश्वास गरे । तिमीहरुले यो देखेर पनि पश्चात्ताप गरेनौ, अनि उनीमाथि विश्वास गरेनौ" (मत्ती २१:२८-३२) । खीष्टको मृत्यु, गडाई र पुनरुत्थानको सम्वन्धमा जव कोही आफ्नो पापबाट फर्केर आउँछ, त्यसपछि यो प्रभुको मृत्युको चिन्हमा सहभागी हुन्छ । यसरी दुईवटै अवस्थामा पश्चात्ताप किन महत्वपूर्ण छ भनी हामी देख्न सक्छौं ।

सबै मानिस पापी छन् (रोमी ३:२३), पापको ज्याला मृत्यु हो (रोमी ६:२३) भन्ने जानेर मानिसले पश्चात्ताप गर्नै पर्छ, नत्र नष्ट हुन्छन् भन्ने कुरा खीष्टले सिकाउनु भयो (लूका १३:३) । यसलाई अर्को शब्दमा भन्नुपर्दा उनले पश्चात्ताप गरेनन् भने वा उनी नष्ट पार्ने कुराहरुबाट फर्केर आएनन् भने उनको नष्ट हुनेछन् भनी उहाँले भनिराख्नु भएको छ । पुनः उहाँले भन्नुभयो, "म तिमीहरुलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरुका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढी आनन्द हुनेछ" (लूका १५:७) ।

## पापको पश्चात्ताप

यसलाई बुझ्नुहोस्, पश्चात्ताप भनेको एकजना मानिसको पापप्रति दु:खित हुनुभन्दा पनि ठुलो कुरा हो । कोही एक जना मानिसलाई पक्रेर अन्तमा उसलाई झ्यालखानामा हाल्यो भने त्यो दु:खित हुन सक्छ । उसले गरेको काम प्रति उ दु:खी नहुन सक्छ, तर आफूले गरेको कामको परिणामको निम्ति मूल्य तिर्नुपर्छ । यो पश्चात्ताप होइन् । प्रेरित पावलले हामीलाई भन्दछ, "किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ र त्यसमा पछुतो हुँदैन्, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ" (२ कोरिन्थी ७:१०) । ईश्वरीय शोकले पश्चात्तापमा डोऱ्याँउछ, तर पश्चात्तापको निम्ति गल्ती महशुस गरेर मात्र हुँदैन ।

कसले पश्चात्ताप गर्नुपर्छ? पावलले, अरियोपागसको वीचमा एथेन्सका मानिसहरुलाई प्रचार गऱ्यो, आफ्नो प्रवचनको अन्त्यमा उनले भन्यो, "यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाँउमा सबै मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ" (प्रेरित १७:३०) । यो भनाई अनुसार सबै ठाउँमा सबै मानिसहरुलाई आफुले गरेको पापप्रति पश्चात्ताप गरेको प्रभु चाहनुहुन्छ । यहाँ वास्तविकतालाई याद गर्नुहोस् कि हाम्रा अज्ञानताको कारणले परमेश्वरले केही कुरामाथि दृष्टि गर्नु हुन्छ, तर उहाँले स्पष्ट पार्नुहुन्छ कि हामीले ज्ञानमा होस् या अज्ञानतामा होस्, जुनसुकै अवस्थामा गरेका कुनै पनि पापलाई उहाँ सहनुहुन्न् । फेरी प्रेरित पत्रुस भन्दछन्, "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढीलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढीलो गर्नुहुन्न्, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरुप्रति धैर्यवान हुनुहुन्छ" (२ पत्रुस ३:९) ।

सबै जना पश्चात्तापमा आउने कुरा गर्दा स्वभाविक रुपमा ती मानिसहरु जसले पाप गरेका छन् तिनीहरुको पहिचान धर्मशास्त्रहरुले दिन्छन् । यसमा बालकहरु वा बालबच्चाहरु समावेश हुँदैनन् किनभने "स्वर्गको राज्य तिनीहरु जस्तैको हो" (मत्ती १८:१-३) । त्यसको सट्टामा आफ्नो पापहरुप्रति पश्चात्ताप गर्न सक्ने वा आफ्ना गलत कामहरुको ज्ञान भएका र ती कुराहरुबाट फर्केर आउन चाहनेहरुको निम्ति सुसमाचार प्रत्यक्ष रुपमा तिनीहरुप्रति केन्द्रित भएका छन् । जो व्यक्ति जवाफदेही उमेरसम्म पुगेका हुन्छन् तिनीहरुले मात्र पश्चात्ताप गर्न सक्छन् ।

## पापको पश्चात्ताप

पेन्तिकोसको दिनमा पत्रुस र प्रेरितहरुले मानिसहरुलाई प्रचार गरेको कुरा प्रेरित २ अध्यायमा उल्लेख गरेका छन् । तिनीहरुले पापीहरुलाई प्रचार गरिरहेका थिए, ती मानिसहरु जो ख्रीष्टलाई क्रूसमा टँङ्ग्याउने काममा हिस्सा लिएका थिए । स्वभाविक रुपमा यसकारण तिनीहरुले अव हामीले के गर्नुपर्छ भन्ने जवाफ मागिरहेका थिए । पत्रुसले तिनीहरुलाई भन्नुभयो, "पश्चात्ताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा, तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३८) ।

धर्मशास्त्रका यी पदहरुबाट यो स्पष्ट छ कि पश्चात्ताप पनि सुसमाचारको एउटा आज्ञा हो । यसको मतलब यदि तिनीहरु प्रभुमा आज्ञाकारी भएर पाप क्षमा हुन चाहन्छन् भने सबै जना आफ्ना पापबाट फर्कनै पर्छ । अथवा अर्को शब्दमा भन्नुपर्दा पश्चात्ताप नगरीकन उद्धार पाउँदैनन् र स्वर्ग जान सकिदैन् । उत्तम नैतिक जीवन मात्र पर्याप्त छैनन् । उद्धार मुक्ति पाउनको निम्ति अरु कुनै पनि कामहरु गरेर हुँदैन्, प्रभुले जे भन्नुभएको छ त्यही नै गर्नु पर्छ ।

प्रेरितको पुस्तकमा जीवन रुपान्तरणका घटनाहरुलाई विचार गरेर हेर्दा यदि पश्चात्ताप गर्ने आज्ञा उल्लेख गरेको छैन् भने त्यसलाई व्यवहारिक रुपमा प्रयोग गरेको भेट्टाउनु हुन्छ । उहादारणको निम्ति प्रेरित १६ अध्यायमा पावल र सिलासले झ्यालखानाको हाकिम र उनको परिवारलाई प्रभुको वचन प्रचार गरिसकेपछि त्यहाँ भनेको छ कि उनले तिनीहरुलाई लगेर तिनीहरुका घाउहरु धोइदिए । के यो पश्चात्ताप होइनन्? शाऊलको घटनामा पनि प्रेरित ९ अध्यायमा उनी ख्रीष्टियानहरुलाई सताउने व्यक्ति थियो । तर जव एकपल्ट प्रभु उनीकहाँ देखापर्नु भयो त्यसपछि उ भिन्नै व्यक्ति भयो । उनले सुसमाचारलाई आज्ञापालन गर्न मात्र गएनन्, तर ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगिएको प्रचार गर्न गए, जुन कुरालाई शुरुमा उनले तिक्ताका साथ विरोध गरेको थियो । के यो पश्चाताप होइन् र?

कसैले यसो भनेको थियो कि सुसमाचारलाई पालन गर्दा मनको परिवर्तन हुन्छ, जुन चाहिँ विश्वासद्धारा आउँछ, जीवनको परिवर्तन, जसमा पश्चात्ताप सहभागी हुन्छन् र अवस्थाको परिवर्तन, जसको परिणाममा बप्तिस्मा हुन्छ । पश्चात्ताप र ख्रीष्टको आज्ञाकारितामा सबैको

पाप क्षमा हुन्छ वा पाप धोइन्छ । त्यो व्यक्ति नयाँ सृष्टि (२ कोरिन्थी ५:१७), ख्रीष्टमा नयाँ व्यक्ति (गलाती ३:२६,२७) हुन्छ । जुन कुराहरु उसले एकपल्ट गरेको थियो, अव उसले कहिले पनि गर्दैनन् । जुन कुराहरु उसले एकपल्ट विरोध गरेको थियो, अहिले ती कुराहरु गर्दैनन् । संसारमा भएका कुराहरु भन्दा यो बिलकुल फरक छन् ।

कोही ख्रीष्टियान भइसकेपछि पनि त्यस्तो समयहरु आउँछन् जहाँ उसले फेरी पश्चात्ताप गर्नै पर्छ । ख्रीष्टियानहरु सिद्ध छैनन् । विश्वासयोग्य ख्रीष्टियानहरुले पनि गल्ती गर्न पुग्छन् । जसले जानीजानी पाप गर्छन् तिनीहरुले आफ्ना दोषहरुलाई स्वीकार गर्नै पर्छ र पाप क्षमाको निम्ति परमेश्वरमा प्रार्थना गर्नु पर्छ (याकूब ५:१६; प्रेरित ८:२२) । नत्रभने तिनीहरु नष्ट हुनेछन् ।

तर जो ख्रीष्टियान हुनुभएको छैनन्, र मण्डलीको सदस्य हुनुभएको छैनन्, उहाँहरुले ख्रीष्टलाई सुन्नु आवश्यक छ, उहाँमा विश्वास गर्नुपर्छ, तिनीहरुको पापको पश्चात्ताप गर्नुपर्छ, ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी स्वीकार गर्नुपर्छ र पाप क्षमाको निम्ति बप्तिस्मा लिनुपर्छ । यी प्रत्येक आज्ञाहरु महत्वपूर्ण छन् । तिनीहरुमध्ये एउटालाई पनि समावेश गरेको छैनन् भने उद्धार हुँदैनन् । पश्चात्तापको सन्दर्भमा सबै पापहरु, सबै गलत कुराहरु, सबै धार्मिक गल्तीहरु उनको जीवनमा हुन सक्छन्, उहाँमा आज्ञाकारी भइरहनको निम्ति त्याग्ने भन्ने अर्थ लाग्छ । अनि मात्र उसले भन्न सक्छ कि पश्चात्तापको आज्ञालाई पालन गरेको छु ।

❁

"पश्चात्ताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा, तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३८) ।

"म तिमीहरुलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरुका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढी आनन्द हुनेछ" (लूका १५:७) ।

"किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ र त्यसमा पछुतो हुँदैन्, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ" (२ कोरिन्थी ७:१०) ।

# ८ खीष्टको स्वीकार

## Confession of Christ



खीष्टलाई परमेश्वरको पुत्रको रुपमा स्वीकार गर्नु सुसमाचारको अर्को आज्ञा हो । "स्वीकार" शब्दको अर्थ थाहा पाउनु, घोषणा गर्नु, जानकारी हुनु, अरुमाथि आफ्नो विश्वासलाई प्रकट गर्नु हो । जो उहाँमा आज्ञाकारी हुन्छन्, प्रभुले हामी सबैबाट यही कुराको अपेक्षा गर्नुहुन्छ । येशू खीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने कुरालाई विश्वास गर्नेसम्म अगाडि बढ्नुपर्छ । यदि उसले यस्तो प्रकारको स्वीकार गर्न चाहँदैनन् भने प्रभुको आज्ञाकारी हुन पनि तयार हुँदैनन्, नत कुनै पनि परिस्थितिमा उसले प्रभुप्रति आज्ञाकारी हुन्छन् ।

येशूले स्वीकारको महत्वलाई सिकाउँदै हुनुहुन्थ्यो । अनि उहाँले भन्नुभयो, "यसकारण हरेक जसले मानिसहरुका साम्‌ु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु । तर हरेक जसले मलाई मानिसहरुका सामुन्ने इन्कार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु" (मत्ती १०:३२,३३) । यहाँ केही कुराहरु हेरौं:

(१) खीष्टलाई स्वीकार गर्न सबैलाई निमन्त्रण गरिएको छ । तिनीहरु को र कहाँ छन् भन्ने कुराको सरोकार राख्दैनन्, यो सत्यता आफैमा खडा भएका छन् ।

(२) खीष्टको स्वीकार गर्नै पर्छ, आफ्नो पापको स्वीकार होइनन् । सबै भन्दा पहिला परमप्रभुले मानिसहरुको निष्टा चाहनुहुन्छ, त्यसपछि उहाँले मानिसहरुको पापसित सामना गर्नुहुन्छ ।

(३) यो स्वीकार मानिसहरुको सामु हुनैपर्छ । यसका साक्षीहरु हुनुपर्छ । यदि कसैले खीष्टमा साँचो विश्वास गर्दछन् भने उसले परमेश्वरमा विश्वास गरेको कुरा सबैलाई थाहा होस् ।

(४) जसले खीष्टलाई व्यक्तिगत रुपमा स्वीकार गर्ने इच्छा गर्छन्, तिनीहरुको निम्ति खीष्टले स्वर्गीय पिताको सामुन्ने स्वीकार गर्ने प्रतिज्ञा गर्नुभयो । स्वर्गमा हुनुहुने पिताको सामुन्ने पुत्रले स्वीकार

गर्नुहुने, आशिष, सम्मानको बारेमा सोच्नुहोस् । परमप्रभुले के सोध्दै हुनुहुन्छ? मानिसहरुको अगाडि उहाँलाई स्वीकार गरेको चाहनुहुन्छ ।

(५) जसले मानिसहरुको अगाडि उहाँलाई स्वीकार गर्न इन्कार गर्छन्, स्वर्गमा हुनहुने पिताको अगाडि उहाँले पनि इन्कार गर्नुहुन्छ । उहाँलाई साधारणतया स्वीकार गर्न इन्कार गरेको होइन, तर तिनीहरुले उहाँलाई इन्कार गर्छन् र त्यसैले उहाँले तिनीहरुलाई तिनीहरुकै हिसाबले व्यवहार गर्नुहुनेछ ।

यी दुईवटा धर्मशास्त्रका पदहरुमा धेरै कुराहरु उल्लेख गरेका छन् । जसले उहाँलाई इन्कार गर्छन् प्रभुले तिनीहरुको निम्ति आशिष र त्यसको परिणामहरु दुवै पाटामा देखाउनु हुन्छ । प्रत्येक व्यक्ति स्वयम् आफैले निर्णय गर्न उहाँले छोडनु भयो ।

जसले खीष्टलाई स्वीकार गर्दैनन् तिनीहरुको बारेमा बाइबलले के भन्दछन्? प्रेरित यूहन्ना भन्दछ, "किनकि भ्रममा पार्नेहरु धेरै जना संसारमा आएका छन्, जसले येशू खीष्ट शरीरमा आउनु भएको हो भनी स्वीकार गर्दैनन् । यस्तो व्यक्ति नै छली र खीष्ट विरोधी हो" (२ यूहन्ना ७) । कसले प्रभुलाई स्वीकार गर्नुपर्छ? पावल लेख्दछ, "र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू खीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ" (फिलिप्पी २:११) । हामी अवलोकन गर्छौं कि यो स्वीकार हाम्रो मुखले मात्र गर्ने होइन्, तर यो उद्धार मुक्तिको निम्ति गर्ने हो । कृपया याद गर्नुहोस्, "किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ, किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ" (रोमी १०:९,१०) । उद्धार पाउनको निम्ति परमप्रभुलाई चिन्नुपर्छ र आफ्ना पापहरु स्वीकार गर्नु पर्छ, यहि नै अन्तिम कुरा हो भनी कसैले गलत तरीकाले निष्कर्ष दिएका छन् । तर विश्वासबारे के भन्ने? कसैले भन्न सक्छ स्वीकार विश्वासमा आधारित छन् । त्यसो भए पश्चात्तापको बारेमा के भन्ने? यहाँ पश्चात्तापको बारेमा केही भनेको छैनन् । जसले सजिलो मार्गहरु खोजिरहन्छन्, तिनीहरुले प्रायजसो धेरै कुराहरु हेरिरहेका हुन्छन् । उद्धार मुक्तिको योजनामा विश्वास र खीष्टको स्वीकार कसरी मिल्छन् भन्ने

कुरा अर्को पदले देखाउँछ । पहिलो, आफ्नो हृदयमा कसरी विश्वास गर्छन भन्ने कुरा उनले देखाउँछन्, तर यो धार्मिकतामा वा मुक्तिमा हुन्छ । त्यसको उद्धार भएको छैनन् तर मुक्तितर्फ हेरिरहेको छ । दोस्रो, मुखबाट गरिएको स्वीकारले मुक्तितर्फ डोऱ्याउँछ भन्ने कुरा उनले देखाइरहेको छ । यो स्वीकार येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरा हो र फेरी यो मुक्तिको निम्ति हो । अर्को शब्दमा ख्रीष्टमा विश्वास, ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी स्वीकार मात्रले उद्धार मुक्तिको निम्ति पर्याप्त हुँदैनन् । यस्तो विश्वास र स्वीकार विना निश्चय नै कसैले पनि उद्धार पाउँदैनन, तर अझै गर्नुपर्ने कुरा छन् ।

अन्त्यमा, हामीसँग एउटा उदाहरण छ जहाँ मानिसलाई बप्तिस्माको विषयसम्म पुग्नको निम्ति यो स्वीकार गरिएको छ । आउनुहोस् यो कथा पढौः "त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, 'उठेर दक्षिणतिर यरुशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ । त्यहाँ मरुभूमिको बाटो छ ।' अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठुला पदाधिकारी र समस्त सम्पतिका कोशाध्यक्ष थिए । उनी यरुशलेममा आराधना गर्न गएका थिए । उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया अगमवक्ताको पुस्तक पढिरहेका थिए । तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, 'जाऊ र त्यस रथको साथ लाग ।' फिलिप तिनीकहाँ दौडेर गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढिरहेको सुनेर उनले सोधे, 'तपाईले पढिरहनु भएको कुरा बुझ्नु हुन्छ?' तव तिनले भने, 'कसैले नबताइकन म कसरी बुझ्न सक्छु र? अनि तिनले फिलिपलाई रथमा चढी तिनको साथमा बस्न अनुरोध गरे । अब तिनले पढिरहेका धर्मशास्त्रको खण्ड यो थियोः जसरी भेडा काटिनलाई लगिन्छ, वा थुमा ऊन कत्रनेको सामु चुप रहन्छ, त्यसरी नै उनले आफ्नो मुख खोलेन् । उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन् । उसको पुस्ताको बयान कसले गर्ने? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो ।" तब ती नपुंसकले फिलिपलाई भने, 'कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन, उनको आफ्नै बिषयमा कि अरु कसैको बिषयमा?' तव फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए, अनि उनीहरु बाटोमा जाँदाजादै केही पानी भएको एउटा ठाउँनेर आइपुगे । ती नपुंसकले भने, 'हेर्नुहोस्, यहाँ

पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ?' फिलिपले भने, 'यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईले बप्तिस्मा लिन सक्नुहुन्छ ।' तिनले जवाफ दिए, 'येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु ।' तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले र उनले तिनलाई बप्तिस्मा दिए । तर जव उनीहरु पानीबाट बाहिर उक्लिआए, तव प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरी देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे" (प्रेरित ८:२६-३९) । यहाँ के भएको छ भन्ने कुरा स्पष्ट देखिन्छ । फिलिपले यो मानिसलाई ख्रीष्टको बारेमा सिकाए र उहाँलाई आज्ञापालन गर्नको निम्ति के गर्नुपर्छ भनी बताए ।

त्यसपछि प्रभुको बारेमा सिक्दा उनले उहाँको आज्ञापालन गर्न चाहे । कृपया याद गर्नुहोस्, उनलाई बप्तिस्मा दिनुभन्दा अगाडि उनले येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्थ्यो भनी विश्वास गरेको छ कि छैन भनी जान्न चाहेको थियो । नपुंसकले सकारात्मक रुपमा जवाफ दिए । स्वीकार गरेपछि मात्र फिलिपले उनलाई बप्तिस्मा दिन इच्छुक भए । उदाहरणको आधारभूत कुरा यही हो, ख्रीष्टको स्वीकारसित अरु धर्मशास्त्रहरुको पदलाई संकलन गरेर राख्दा, हामीले कसैलाई बप्तिस्मा दिनुभन्दा अघि उसले येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने कुरालाई विश्वास गरेको छ कि छैनन् भनी सोध्नु पर्छ । जव उनले "हो" भने जवाफ दिन्छन्, त्यसपछि हामी बप्तिस्माको निम्ति अगाडि बढ्छौं ।

यो स्वीकारलाई प्रायजसो उत्तम स्वीकार पनि भनिन्छ । वास्तवमा यदि कुनै स्वीकारलाई उत्तम स्वीकार भनिन्छ भने त्यो यही नै स्वीकार हुनुपर्छ । यसकारण अव हामीसँग के छ? उद्धार पाउनको निम्ति सुसमाचार सुन्नै पर्छ, त्यसलाई विश्वास गर्नुपर्छ, आफ्ना पापहरुबाट पश्चात्ताप गर्नुपर्छ, ख्रीष्टलाई परमेश्वरको पुत्रको रुपमा स्वीकार गर्नुपर्छ र अन्तमा पाप क्षमाको निम्ति बप्तिस्मा लिनुपर्छ । मुक्तिको पूर्ण योजनाको एउटा हिस्सा यो घटनामा ख्रीष्टलाई स्वीकार गर्नु हो । सुसमाचारको एउटा आज्ञा स्वीकार पनि हो । स्वीकारले मात्र कसैलाई बचाउन सक्दैनन्, तर यो विना पनि कसैको उद्धार हुन सक्दैनन् । जतिवेला यसलाई हामी प्रभुमा प्रयोग गर्छौं, त्यतिबेला यो ठुलो र शक्तिशाली हुन्छ ॥

९

# पाप क्षमाको निम्ति बप्तिस्मा

## Baptism for the remission of Sins



हरेक समयमा सम्भवत सबै भन्दा बढी बिबादित विषय बप्तिस्मा हुनुपर्छ । तै पनि यो बाइबलिय विषय र सुसमाचारको एउटा आज्ञा हो । अरु आज्ञाहरुभन्दा यो कम महत्वको होइन् । यो अरु जतिकै आवश्यक छ । कुनै आज्ञाले बचाउँदैनन्, तर यसको सट्टामा यो आज्ञापालनको निम्ति आज्ञाहरुको संकलन हो । प्रत्येक जसले खोज्दछन्, तिनीहरुको निम्ति मुक्ति उपलब्ध हुन्छन् ।

यस पाठमा सम्भव भएसम्म बप्तिस्माको बारेमा हामी धेरै पाठ सिक्ने कोशिस गर्छौं । शुरुमा हामी यसको अर्थ बुझ्ने प्रयास गर्नेछौं । यो सजिलो छ । बप्तिस्मा शब्द ग्रीक भाषाको ब्याप्तिजोबाट आएको हो । यसको अर्थ डुबाउनु, चोप्नु, पानीले ढाक्नु, गाडिनु, ढाक्नु भन्ने अर्थ लाग्छ । यसलाई धर्मशास्त्रले समर्थन गर्छ । आउनुहोस सुनौ, "के तिमीहरु जान्दैनौ, हामी सबै जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? यसकारण बप्तिस्माद्धारा हामी मृत्युमा उहाँसँगै गाडियौ, ताकि जसरी पिताको महिमाद्धारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिडौं" (रोमी ६:३,४) । "बप्तिस्मामा तिमीहरु उहाँसँग गाडिएका थियौं । मरेकाहरुबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरु पनि उहाँसँगै जीवित पारियौ" (कलस्सी २:१२) । तर छर्किने र खन्याउनेबारे के भन्ने? तिनीहरु मानिसद्धारा निकालेका कुरा हुन् । पानीमा डुबाउने अभ्यासलाई स्थानान्तर गर्न निकालेको हो । जसले परमेश्वरको वचनलाई सम्मान गर्छन् तिनीहरुले यस्ता कुराहरुलाई कहिल्यै स्वीकार गर्दैनन् ।

बाइबलमा हामी विभिन्न बप्तिस्माहरुको बारेमा पढ्न पाउँछौं । एउटै बप्तिस्मा छ भनी एफिसी ४:५ मा पावल लेख्दछ । आज कुन बप्तिस्माले हामीलाई बाँधिएको छ? प्रेरित ८:२६-३९ मा हामी फिलिप र नपुंसकको कथा पढ्न पाउँछौ । फिलिपले त्यसलाई ख्रीष्ट र उहाँको

इच्छाको बारेमा सिकाइसकेपछि उनले बप्तिस्मा लिन चाहयो । अभिलेखले भन्दछ, “अनि उनीहरु बाटोमा जाँदा जाँदै केही पानी भएको एउटा ठाँउनेर आइपुगे । ती नपुसंकले भने, ‘हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि के ले रोक्न सक्छ?’ फिलिपले भने, ‘यदि सारा हृदयले नै विश्वास गर्नहुन्छ भने तपाईले बप्तिस्मा लिन सक्नुहुन्छ ।’ तिनले जवाफ दिए, ‘येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु’ । तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए ।” यहाँ केही कुराहरु अवलोकन गरौः

(१) प्रभुमा त्यो मानिस आज्ञाकारी भएपछि मात्र अन्तिम चरणमा बप्तिस्मा निम्ति तयार हुन्छन् ।

(२) यो पानीमा गाड्ने कुरा हो । यसलाई हामीले उच्चारण गर्नुपर्छ ।

(३) यसकारण यो विन्दुमा आउँदा पूर्णतया छल्ने कुनै स्थान नै छैनन् । अभिलेखले भन्दछ कि तिनीहरु दुवैजना पानीमा ओर्ले । यसलाई अझ स्पष्ट पार्न फिलिप र नपुंसक दुवैजना पानीमा गए भन्ने अर्थ लाग्छ । बप्तिस्मा लिइसकेपछि दुवैजना पानीबाट बाहिर उक्लिआए । कसले यसमा विवाद गर्न सक्छन्? जसले प्रभुको वचनलाई स्वीकार छन्, तिनीहरुले निश्चय नै गर्दैनन् ।

यूहन्ना ३:३-५ पदहरुलाई पल्दाउँदा, धर्मशास्त्रले हामीलाई भन्दछ, “येशूले तिनलाई जवाफ दिनुभयो, ‘साँच्चै म तिमीलाई भन्दछ, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैनन् ।’ निकोदेमसले उहाँलाई भने, ‘मानिस बुढो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नो आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?’ येशूले जवाफ दिनुभयो, ‘साँच्चै म तिमीलाई भन्दछ, कोही पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन् ।” कसैको उद्धार मुक्तिमा पानीले कस्तो भूमिका खेल्छ? यो सामान्य छ । यो बप्तिस्माको सम्वन्ध हो । यहि नै कुरा विचार गरिएको छ । बप्तिस्माको क्रियाद्धारा कोही नयाँ गरी जन्मेको हुन्छ जुन परमेश्वरको वचनद्धारा आत्माले उनलाई अगुवाई गर्नु हुन्छ (१ पत्रुस १:२३) । हामीलाई थाहा छ, कि यसलाई १ कोरिन्थी १२:१३; रोमी ६:३,४ जस्ता पदहरुले ढाकेको हुन्छ, अरुले हामीलाई बताउँछ कि यो क्रियाले मानिसलाई ख्रीष्टको मण्डली वा प्रभुको राज्यमा सार्नु हुन्छ ।

## पाप क्षमाको निम्ति बप्तिस्मा

पावलले तीतसलाई लेख्दछ, "तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन्, तर उहाँको आफ्नै कृपा अनुसार पुनर्जीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो" (तीतस ३:५) । यहाँ पुनर्जीवनको स्नानले पानीको बप्तिस्मालाई संकेट गर्छ । वास्तवमा यही कुरा भनिरहेको हो । यसकारण बप्तिस्मा भनेको गाडिनु हो । तर यो पानीमा गाडिनु भन्ने अर्थ लाग्छ । धर्मशास्त्रको बप्तिस्मा अहिले यहि नै लागु हुन्छ ।

हामीले विभिन्न पदहरुलाई अध्ययन गर्दा हामी बप्तिस्माको महत्वलाई देख्छौ । यसले के गर्छन भनी हामीलाई बताउँछ । उदाहरणको निम्ति, यसले बचाउँदछ, "यहि पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई बचाउँदछ । यो शरीरको मैला हटाएजस्तो होइन्, तर शुद्ध विवेकको निम्ति परमेश्वर तर्फको एउटा प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू खीष्टको पुनरुत्थानद्धारा तिमीहरुलाई बचाउँदछ" (१ पत्रुस ३:२१) । बप्तिस्माले मात्र हामीलाई बचाउँदछ भनी प्रेरितले भन्दैनन्, तर त्यसले हामीलाई बचाउँदछ जव प्रभुले सिकाउनु भएको उहाँका वचनलाई एकसाथ जोडिएर राख्छौ । खीष्ट आफैले भन्नुभयो, "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१६) । बप्तिस्माले कहिले हामीलाई बचाउँछ? जव कसैले विश्वास गर्छन र बप्तिस्मा लिन्छन् । बप्तिस्मालाई इन्कार गर्नु भनेको खीष्टलाई इन्कार गर्नु हो ।

यसलाई निरन्तरता दिदै बप्तिस्मा पाप क्षमाको निम्ति हो: "पत्रुसले तिनीहरुलाई भने, 'पश्चाताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३८) । शाऊलका पापहरु धोइएका होस् भनेर उनलाई बप्तिस्मा लिनको निम्ति आज्ञा गरियो । सुन्नुहोस्: "त अब किन पर्खनुहुन्छ? उठनुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस्" (प्रेरित २२:१६) । यो प्रभुको आज्ञा हो: "अनि तिनले तिनीहरुलाई येशू खीष्टको नाउँमा बप्तिस्मा लिनु भनी आज्ञा गरे..." (प्रेरित १०:४८) ।

मुक्ति, पाप क्षमा आज्ञाकारिताद्धारा खीष्टको रगतसम्मको सम्पर्कमा आउँछ, जसले वास्तविक रुपमा कसैको पाप क्षमाको निम्ति सम्भव

बनाउँछ । मत्ती २६:२८ मा भन्दछन् कि येशू खीष्टको रगत पापको प्रायश्चितको लागि बहाइन्छ । यदि तिनीहरुको पाप क्षमा भएको चाहन्छन् भने तिनीहरुले पश्चात्ताप गरेर बप्तिस्मा लेओ भनी पत्रुसले पेन्तिकोसको दिनमा मानिसहरुलाई भन्यो । यसको मतलब, सामान्य आज्ञालाई पालन गर्दा खीष्टको रगतमा सम्पर्क हुन्छन् जसको परिणाममा पाप क्षमा हुन्छ । एफिसी १:७ र कलस्सी १:४ ले हामीलाई भन्दछ कि खीष्टको रगतद्धारा पाप क्षमा हुन्छ, तर शाऊललाई आफ्नो पाप धुनको निम्ति वा क्षमा पाउनको निम्ति बप्तिस्मा लिनु आवश्यक छ भन्यो । यसरी फेरी एकपल्ट स्पष्ट भएको छ कि बप्तिस्माको क्रियाद्धारा खीष्टको रगतसँगको सम्वन्धमा आउँछ जसले पापहरु धोई पखाल्छ । निश्चय नै हामीलाई रोमीको पुस्तक ६ अध्यायले भन्दछ कि प्रभुको आज्ञालाई पालना गरेर हामी प्रभुको मृत्युको लाभसम्ममा पुग्छौ, जसको अर्थ पाप क्षमा हो ।

बप्तिस्माद्धारा हामी खीष्टमा प्रवेश गर्छौं । पावलले गलातीका दाजुभाइहरुलाई लेख्दछन, "किनकि विश्वासद्धारा तिमीहरु सबै खीष्ट येशूमा परमेश्वरका सन्तान हौ । किनकि तिमीहरुमध्ये जतिको खीष्टमा बप्तिस्मा भयो, तिमीहरु सबैले खीष्टलाई धारण गरेका छौ" (गलाती ३:२६,२७) ।

बप्तिस्माले मात्र बचाउन सक्दैनन, र बचाउँदैनन् तर विना बप्तिस्मा पनि बचाइदैनन् भन्ने कुरालाई जोड दिएको छ । व्यक्तिको उद्धार पहिला हुन्छ र त्यसपछि बप्तिस्मा लिइन्छ भनेर धर्मशास्त्रमा त्यस्तो कुरा कहिल्यै पनि सिकाएको छैनन् । बप्तिस्मा के हो भन्ने कुरालाई मात्र बुझ्ने होइन कि यसको उद्देश्यलाई पनि बुझ्नु पर्छ । अव एक जना व्यक्तिले बाह्र पल्ट पानीमा डुबेको हुन सक्छ तर उसले सही उद्देश्यले पानीमा डुबेको छैनन भने उसको धर्मशास्त्र अनुसार बप्तिस्मा भएको हुँदैनन् । एउटै बप्तिस्मा छ र बाइबलको एउटै बप्तिस्मा हुनको निम्ति पाप क्षमाको निम्ति पानीमा गाडेको हुनै पर्छ । अनि मात्र हामी बाइबलमा पढ्न पाउने मण्डलीमा थपिन्छ । नत्रभने यो ठट्टामात्र हुन्छ ।

तर बप्तिस्मामा कहिले बचाइन्छ? त्यतिबेला जव कोही व्यक्तिले खीष्टको शुद्ध सुसमाचार सुन्छन्, विश्वास गर्छन, इमान्दारिताका साथ आफ्ना पापको पश्चाताप गर्छन्, खीष्टलाई परमेश्वरको पुत्रको रुपमा

स्वीकार गर्छन् र धर्मशास्त्रमा आधारित भएर बप्तिस्मा लिन्छन्, त्यसपछि मात्र बप्तिस्माले बचाउँछ । अर्को शब्दमा, यो आज्ञापालनको अन्तिम क्रिया हो, जहाँ ख्रीष्ट बाहिरका मानिसहरुलाई ख्रीष्ट भित्र रुपान्तर गर्ने काम हुन्छ । खुडकिलाको श्रेणीमा यो अन्तिम पाइला हो, जसले मानिसलाई ख्रीष्ट र उहाँको मण्डलीतर्फ डोऱ्याउँछ ।

अन्तमा, बप्तिस्माको क्रियाद्धारा त्यो व्यक्ति प्रभुमा पानीको बप्तिस्मामा गाडियो र नयाँ जीवनको मार्गको निम्ति पानीद्धारा (चिहानद्धारा) बौरी उठियो । यो ख्रीष्टको गडाई र पुनरुत्थानको चित्रण हो । निश्चय नै प्रभुको मार्ग सुधार्ने अर्को कुनै बाटो छैनन् ।

❀

"त अब किन पर्खनुहुन्छ? उठनुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस्" (**प्रेरित २२:१६**) ।

"तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन्, तर उहाँको आफ्नै कृपा अनुसार पुनर्जीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो" (**तीतस ३:५**) ।

"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (**मर्कूस १६:१६**) ।

"किनकि विश्वासद्धारा तिमीहरु सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ । किनकि तिमीहरुमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरु सबैले ख्रीष्टलाई धारण गरेका छौ" (**गलाती ३:२६,२७**) ।

"बप्तिस्मामा तिमीहरु उहाँसँग गाडिएका थियौं । मरेकाहरुबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरु पनि उहाँसँगै जीवित पारियौ" (**कलस्सी २:१२**) ।

**१०**

# सुसमाचारका आशिषहरू

## Blessings of the Gospel



सुसमाचारका आज्ञाहरु र सुसमाचारका तथ्यहरुमा अरु आशिषहरु पनि छन् । निश्चय नै, जसले सुसमाचारलाई विश्वास गरेर आज्ञापालन गर्छन, तिनीहरुले तथ्यहरुमा विश्वास गर्छन्, आाज्ञा पालन गर्छन् र आशिषहरु प्राप्त गर्छन् । प्रेरित पावल भन्दछन्, "हाम्रा प्रभु ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरुमा हरेक आत्मिक आशिषले ख्रीष्टमा आर्शीवाद दिनुभएको छ" (एफिसी १:३) । उनले रोमी दाजुभाइहरुलाई पनि लेख्दछ, "र म जान्दछु, म तिमीहरुकहाँ आउँदा ख्रीष्टका आशिषको परिपूर्णतामा आउनेछु" (रोमी १५:२९) । यी आशिषहरु के-के हुन्? आशिषहरु धेरै छन् । तर यहाँ हामी केही महत्वपूर्ण सूची मात्र उल्लेख गर्नेछौः-

(१) **ख्रीष्टको सुसमाचार पालन गर्दा आफ्ना पापको क्षमा हुन्छ ।** "पत्रुसले तिनीहरुलाई भने, 'पश्चाताप गर, तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउँनेछौ" (प्रेरित २:३८) । कुनै मानिसको उद्धार भयो भनेर भन्ने यो अर्को तरीका हो (यूहन्ना ३:५) । यो जान्नु कति अच्चमको कुरा हो कि कसैको सम्पूर्ण पाप धोई पखाल्यो र अहिले उ नयाँ मानिस भएर नयाँ जीवनको शुरुवाट गर्न तयार छन् ।

(२) **सुसमाचारद्धारा ख्रीष्टमा प्रवेश हुन्छ ।** "किनकि विश्वासद्धारा तिमीहरु सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ । किनकि तिमीहरु मध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरु सबैले ख्रीष्टलाई धारणा गरेका छौ" (गलाती ३:२६,२७) । "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर नयाँ आएको छ (२ कोरिन्थी ५:१७) । हामी ख्रीष्टमा भएकोले हामीसँग सबै आत्मिक आशिषहरुको पहुँच छन् । उहाँमा भएकाहरुलाई ती दिनको निम्ति प्रभुले जम्मा गरिराख्नु भएको छ ।

गर्न प्रत्येक हप्ताको पहिलो दिन प्रभुका जनहरु एकसाथ भेला हुनु कति राम्रो मौका र सम्मानको कुरा हो । आराधनालाई हामीले हाम्रो जिम्मेवारी वा कामको रुपमा लिनु हुँदैनन्, तर अवसरको रुपमा लिनुपर्छ । प्रभु हाम्रो अतिथि हुनुहुनेछ भनी आफैले प्रतिज्ञा गर्नुभयो । निश्चय नै हामीले उहाँलाई निराशा बनाउनु हुदैन । उहाँले आफ्नै बारेमा भन्नुहुन्छ, "किनकि जहाँ दुइ कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरुका माझमा हुनेछु" (मत्ती १८:२०) ।

(६) **सङ्गतीमा आशिष छ ।** "तिनीहरु प्रेरितहरुका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थ्यो" (प्रेरित २:४२) । हामी खीष्टियानहरुलाई सहायता र हौसलाको आवश्यकता पर्दछ, जुन हाम्रा संगी खीष्टियानहरुले हामीलाई दिन्छन् । साप्ताहिक भेलाको एउटा प्रमुख उद्देश्य यो पनि हो । सहभागिता, आराधना र मण्डलीको कार्यको सङ्गति आफैपनि एउटा ठुलो आशिष हुन पुग्छन् ।

(७) **हामीलाई प्रार्थना गर्ने अवसर छन् ।** परमेश्वरले सबैको कुरा सुन्नुहुन्छ । धर्मशास्त्र भन्दछ, "हामी जान्दछौ कि परमेश्वर पापीहरुका कुरा सुन्नुहुन्न्, तर परमेश्वरको भय मान्ने र उहाँको इच्छा पालन गर्ने व्यक्तिको कुरा परमेश्वरले सुन्नु हुन्छ" (यूहन्ना ९:३१) । अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरका सन्तानहरुको निम्ति प्रार्थना सुरक्षित गरिएको छ, जसद्धारा मात्र आफ्ना परमेश्वर पिताकहाँ पुग्न सक्छ । आफ्नो प्रार्थना परमेश्वरको इच्छा समानता हुनुपर्छ ता कि त्यो प्रार्थना सुन्नुहुन्छ र उनका अनुरोधलाई दिनुहुन्छ । "परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छा बमोजिम जे मागे ता पनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ" (१ यूहन्ना ५:१४) । यसैमा हिब्रू लेखक भन्दछ, "यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं" (हिब्रू ४:१६) । यहाँ उनले प्रार्थनाको महान आशिषको बारेमा कुरा गरिरहेका छन् । हामीमा समस्या, आवश्यकता र जे भएता पनि प्रभुमा प्रार्थना गर्नुपर्छ, भन्ने कुराले धन्यवादी बनाउँछ, हामी उहाँका सन्तान हौं

(३) **सुसमाचारलाई पालन गरेर हामी खीष्टको शरीर वा मण्डलीमा प्रवेश गर्छौं ।** १ कोरिन्थी १२ अध्यायमा प्रेरित पावलले खीष्टको शरीरबारे लामो व्याख्या गर्दछ । निश्चय नै हामीलाई भनिएको छ कि शरीर नै मण्डली हो (कलस्सी १:१८; एफिसी १:२२,२३) । त्यसपछि उनले व्याख्या गर्दछ कि बप्तिस्माद्धारा हामी शरीर वा मण्डलीमा प्रवेश गर्छौं, "किनकि एउटै पवित्र आत्माद्धारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं- यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो" (१ कोरिन्थी १२:१३) । सारा संसारमा मण्डली सबैभन्दा महान संस्था हो । यो कहिल्यै नष्ट हुँदैन् तर सदाको निम्ति रहिरहन्छ । प्रभुको मण्डलीको सदस्य हुनु, शरीरको हिस्सा हुनु कति अच्चम लाग्दो कुरा हो ।

(४) **अहिले हामी परमेश्वरका सन्तान र खीष्टियान पनि हौं ।** "तर कसैले खीष्टियान भएको कारण दुःख भोग्दछ भनेता उसले लाज नमानोस्, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा दिओस्" (१ पत्रुस ४:१६) । किन? किनभने खीष्टको नाउँमा मुक्ति छ । "अरु कसैमा मुक्ति छैन्, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२) । यस बारेमा सोच्नुहोस् । खीष्टमा विश्वास गरी उहाँका शिक्षाहरु पालना गरेर उहाँको नाउँ हामीलाई अँगाल्न दिनुभएर उहाँले हामीलाई सम्मान गर्नुहुन्छ । यो महान आशिष हो ।

(५) **हामी खीष्टियान भएकोले प्रभुलाई आराधना गर्ने मौका पाएका छौं ।** "तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरुले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन् । किनकि आराधना गर्ने यस्तै आराधकहरुलाई नै पिताले खोज्नुहुन्छ । परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरुले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ" (यूहन्ना ४:२३,२४) । हामी सबै एकैसाथ जम्मा भएर भेला हुन नछोडन् चेतावनी दिएका छन्: "कति जनाको सङ्गतीमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौ । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कालाई झन प्रोत्साहन देओ" (हिब्रू १०:२५) । परमप्रभुलाई आराधना

भन्ने कुरा जानेर ती कुराहरु उहाँमा प्रार्थनामा राख्छौं, हामी उहाँसँग कुराकानी गर्छौं र उहाँले हाम्रो कुरा बुझ्नुहुन्छ, सहानुभूति दिनुहुन्छ र हामीले अनुरोध गरे अनुसार उहाँले जवाफ दिनुहुन्छ ।

(८) **प्रत्येक हप्ताको पहिलो दिन प्रभु भोजमा सहभागी भएर ख्रीष्टको मृत्युलाई स्मरण गरी उहाँलाई सम्मान गर्ने अवसर पाउँछौं ।** पावलले यसरी भन्दछ, "जुन आशिषका कचौराको निम्ति हामी आशिष माग्छौ, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन् र? त्यो रोटी, जो हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन् र?" (१ कोरिन्थी १०:१६) । उहाँलाई महान आत्मिकी आशिषको सेवा चढाउनु पर्छ जो हाम्रो निम्ति मर्नु भयो, उहाँको शरीर र उहाँको रगतको स्मरण गर्दै हामी उहाँमा यहि कारणले गर्दा दह्रिलो हुन्छौं ।

(९) **ख्रीष्टको सुसमाचारमा आज्ञाकारी हुँदा हामीले पवित्र आत्माको वरदान प्राप्त गरेका छौं ।** प्रेरित २:३८ लाई प्रतिनिधित्व गर्दै पत्रुस भन्दछ कि पश्चात्ताप र बप्तिस्माद्धारा हाम्रो पापको क्षमा र पवित्र आत्माको वरदान पाउँछौं । परमेश्वर, ख्रीष्ट र पवित्र आत्मा हामीमा हुनु नै ठुलो आशिष हो, जसको कुनै बराबर छैनन् । यो भन्दा महान र ठुलो अरु कुनै सम्मान होला त?

(१०) **प्रभुको निम्ति जिएर यो संसारमा उहाँलाई सम्मान गर्ने आशिष पाएका छौं ।** "कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा उहाँद्धारा नै परमेश्वर पितालाई धन्यवाद चढाँउदै प्रभु येशूको नाउँमा गर" (कलस्सी ३:१७) । ख्रीष्ट आफैले भन्नुभयो, "तर पहिला उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन्" (मत्ती ६:३३) ।

(११) **अरु मानिसहरुलाई प्रभुको बारे सिकाउने र प्रभु जहिले पनि हामीहरुसँग हुनुहुन्छ भन्ने कुरा जान्ने मौका हामीसँग छन् ।** अरु मानिसहरु र सिङ्गो संसारको निम्ति हामी कसरी महान आशिषित हुन सक्छौं? सत्यता सिकाएर हुन्छौं । तिनीहरुलाई ख्रीष्टमा परिवर्तन गरेर मात्र हुन्छ । त्यति मात्र होइन, जव हामी प्रभुको इच्छा अनुसारको काम गर्छौं, उहाँले हामीलाई प्रतिज्ञा गर्नुभए अनुसार उहाँ

हाम्रो साथमा आज र सदाकालको निम्ति रहनुहुनेछ । यो कुरा जानेर हामीमा पक्का भरोसा हुन्छन । उहाँको कुरालाई सुन्नुहोस्, "यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु" (मत्ती २८:१९,२०) ।

(१२) **हामीले उहाँका आज्ञाहरु पालना गरेर उहाँमा विश्वास योग्य हुन्छौं भने अन्त्यमा प्रभुले हामीलाई जीवनको मुकुट अथवा अनन्त जीवन दिने प्रतिज्ञा गर्नुभएको छ ।** "जीवनका वृक्षको हक पाउन र शहरका ढोकाहरुबाट भित्र पस्न पाऊँ भनी आफ्ना वस्त्र धुनेहरु धन्यका हुन्" (प्रकाश २२:१४) । "तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु" (प्रकाश २:१०) ।

प्रभुले आफ्ना मानिसहरुको वास्ता गर्नुहुन्न भनी अब कसले भन्न सक्छ? खीष्टियान जीवन खुशीको जीवन होइनन् भनी कसले भन्न सक्छ? खीष्टियानहरुले भविष्यको कुरा हेर्नुपर्दैनन् भनी कसले भन्न सक्छन्? खीष्टियन जीवन सर्वउत्तम जीवन र इनाम पाउने जीवन हो । यसकारण हामी खीष्टमा जीउनु पर्छ । जसरी आफ्ना पापहरुबाट मुक्त हुन्छन्, असल र शान्तपूर्ण जीवन जीउन अगुवाई गर्छ र जीउने कुरा र भविष्यको निम्ति हेर्छन् । भौतिक र आत्मिक रुपमा आशिषित हुन्छन् । सुसमाचारलाई उसले पालना गर्छन भने त्यसपछि उसको निम्ति सबै कुराको शुरुवाट हुन्छ । आफ्नो जीवनको शुरुवाट वास्तवमा यहिबाट नै हुन्छ । असिमित आशिषको शुरुवाट यहि नै हो ।

❀

**"हाम्रा प्रभु खीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिषले खीष्टमा आर्शीवाद दिनुभएको छ"**
**(एफिसी १:३) ।**

११

# सुसमाचार प्रचार गर्दै
## Preaching Gospel



ख्रीष्टले भन्नुभयो, "यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु" (मत्ती २८:१८-२०) । उहाँले फेरी भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१५,१६) । यी भनाइहरुबाट हामी धेरै कुराहरु नियाल्न चाहन्छौं :-

(१) **येशूले प्रेरितहरुलाई जाऊ भनेर आज्ञा दिनुभयो ।** प्रेरितहरुलाई प्रभुले जाऊ मात्र भन्नु भएनन् तर उहाँले तिनीहरुलाई कहाँ जाऊ पनि भन्नुभयो । सारा संसारमा, संसारका सबै राष्ट्रहरुमा, संसारमा भएका सबै सृष्टिकहाँ जाऊ भनी प्रभुले तिनीहरुलाई भन्नुभयो । यसमा सबैजना पर्छन् । त्यो समयको निम्ति पनि यो कार्य विलकुल सही थियो, अहिले हामीहरुसँग जस्तो सञ्चार माध्यम र यातायात प्रणालीको पहुँच छन्, अहिले पनि सही हो । त्यतिवेला यी तथ्यहरुबारे विचार गर्न सक्दैन्थ्यो, तरै पनि यो प्रभुको आज्ञा थियो । निश्चय नै उहाँले असम्भव कुराहरु गर्नको लागि भनिरहनु भएको थिएन् ।

(२) **येशूले प्रेरितहरुलाई गएर प्रचार गर्न आज्ञा दिनुभयो ।** तिनीहरुलाई प्रचार गर्ने आज्ञामा उहाँले के प्रचार गर्ने भन्ने कुरा पनि स्पष्ट पार्नुभयो । सुसमाचार प्रचार गर्नुपर्छ भनी उहाँले भन्नुभयो, र पक्का हुनको निम्ति यो विषयमा कुनै नबुझेको थिएनन् । उहाँले उच्चारण गरी भन्नुभयो, "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१६) ।

(३) **यदि कसैले सुसमाचारलाई आज्ञापालन गर्न चाहयो भने तिनीहरुलाई**

**बप्तिस्मा दिनु भनी येशूले प्रेरितहरुलाई भन्नुभयो ।** सर्वप्रथम, सारा संसारमा गएर सुसमाचार प्रचार गर्ने जिम्मेवारी प्रभुले प्रेरितहरुलाई दिनुभएको कुरा हामीले बुझ्नु पर्छ । मानिसहरुले सुसमाचारलाई पालना गऱ्यो कि गरेन् वा अरु कुराहरु हेर्ने जिम्मेवारी तिनीहरुको थिएनन् तर त्यसको सट्टामा सबै मानिसहरुको विचमा सुसमाचार प्रचार गरिसकेपछि जो त्यसप्रति आज्ञाकारी हुन चाहयो, तिनीहरुलाई बप्तिस्मा दिनुभनी प्रभुले भन्नुभयो । बप्तिस्मा लिन चाहनेहरुलाई यस्तो तरीकाले बप्तिस्मा दिनु भनी येशूले अगााडी गएर जोड दिनु हुन्छ । उहाँले भन्नुभयो, "पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ" (मत्ती २८:१९) । फेरी पनि यो विषयमा अबुझ भएको प्रभु चाहनुहुन्न ।

(४) **अन्तमा, सुसमाचारमा आज्ञाकारी भएकाहरुलाई सिकाओ भनी येशूले प्रेरितहरुलाई भन्नुभयो ।** पुनः सारा संसारमा गएर सारा जातिलाई सुसमाचार प्रचार गर्ने आज्ञा प्रभुको थियो । सबैलाई सुसमाचार प्रचार गर्ने, प्रभुको आज्ञापालन गर्न चाहनेहरुलाई तिनीहरुले बप्तिस्मा दिने कुरालाई थाहा गर्नुपर्छ । तर अहिले जव एकपल्ट त्यो गरिसकेको छ भने, त्यहाँ अर्को जिम्मेवारी आउँछ, त्यो येशूको शब्दहरुमा, "मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु" (मत्ती २८:२०) । यसको मतलव अवस्थाहरु जस्तै दिशामा भएता पनि प्रभु स्वयंमले त्यसको बचाउको लागि सामना गर्नुहुन्छ । उहाँ अझै अगाडि गएर भन्नु हुन्छ कि जसले सुसमाचारको पहिलो सिद्धान्तलाई आज्ञापालन गरे, तिनीहरुलाई आत्मिकी रुपमा मर्न दिनु हुँदैन्, तर त्यसको सट्टामा तिनीहरुलाई ख्रीष्टियान जीवन जीउने मार्गहरु सिकाउने र अर्ती दिर्नुपर्छ । यसरी उहाँले तिनीहरुको तत्कालिन मुक्तिको साथसाथै तिनीहरुको अनन्तको मुक्तिको पनि वास्ता गर्नुहुन्छ भन्ने कुराको चासो देखाउनु हुन्छ । विश्वासयोग्य ख्रीष्टयान जीवन जीउनको लागि तयार भएको उहाँ चाहनुहुन्छ र थप शिक्षाहरु सिकाएर मात्र यो गर्न सकिन्छ । गएर प्रचार गर्ने कार्यलाई महान आज्ञा पनि भनिन्छ, जसमा सुसमाचार प्रचार गर्ने, वचन प्रचार गर्ने काम हुन्छ । आत्माको मुक्तिको निम्ति

यो सन्देश निकै महान र महत्वपूर्ण छन् । जाने क्रममा महान आज्ञालाई प्रचार गर्नको निम्ति प्रभुले कस्तो योजनासँगै ल्याउनु हुन्छ । जसरी उहाँले प्रेरितहरुसँग बोल्दैहुनुहुन्छ, कृपया उहाँको अर्तीहरु सुन्नुहोस् "तर पवित्र आत्मा तिनीहरुमा आउनुभएपछि तिनीहरुले शक्ति पाउनेछौ, र तिनीहरु यरुशलेममा, सारा यहूदीयामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८) । जब हामी प्रेरितको पुस्तक अध्ययन गर्छौं, तव वास्तविक रुपमा त्यही भएको देख्छौं । आउनुहोस् यसलाई नजिकबाट नियालेर हेरौं:

(१) **शुरुमा सुसमाचार यरुशलेमबाट नै प्रचार गर्नु पर्‍यो ।** जब हामीले प्रेरित १ र २ अध्यायलाई पढ्छौं, तव हामी यो संरचना पाउँछौं: प्रेरितहरु यरुशलेममा थिए, पेन्तिकोसको दिन नजिकै थियो, संसार भरीका यहूदीहरु एकैसाथ जम्मा भएका थिए । त्यसपछि पवित्र आत्मा प्रेरितहरुमा खन्याउनुभयो, त्यहाँ उपस्थित भएका अरु मानिसहरुका भाषाहरु प्रेरितहरुले बोल्न थाले, त्यसपछि तिनीहरुले पहिलो पल्ट सुसमाचार प्रचार गर्न थाले । त्यसको परिणाममा तीन हजार मानिसहरुले खुशीसाथ वचन ग्रहण गरेर बप्तिस्मा लिए, अनि तिनीहरु मण्डलीमा थपिए । यहि समयदेखि सुसमाचार फैलिन थाले । यहि समयमा सुसमाचार प्रचार गर्नु प्रभुको बुद्धिमानी हो भनी ठान्दछन् किनभने धेरै मानिसहरु जसले प्रभुप्रति आज्ञाकारी भए, तिनीहरु फर्केर आफ्नो प्रतिनिधित्व बोकेका ठाउँहरुमा गएर आफ्नै मानिसहरुलाई सुसमाचार सुनाउन गए । उहाहरणको निम्ति रोमबाट मानिसहरु उपस्थित भएको हामी पढ्न पाउँछौं । पछि हामी पढ्न पाउँछौं कि पावल रोमको भ्रमणमा जानुभन्दा अगाडि नै त्यहाँ मण्डली खडा भइसकेको थियो । धर्मशास्त्रले हामीलाई सुझाव दिँदैनन् कि पत्रुस अलावा अरु कोही प्रेरितहरु पहिला त्यहाँ प्रचार गर्न गएका थिएनन् त्यसो भए यो व्याख्या के हो त? प्रमाणले बताए अनुसार यी रोमबाट आएका मानिसहरुले सुसमाचार पालना गरेर घर फर्के, तिनीहरुले आफ्नै मानिसहरुलाई सिकाए र यसरी मण्डली स्थापना भयो ।

(२) **सुसमाचार यहूदीया भरी प्रचार गरिनु पर्छ ।** यरुशलेममा प्रचार गरे पछि तत्कालै येशूलाई यहूदीयामा पनि प्रचार गरियो । यसको अर्थ आसपासका मानिसहरुलाई प्रचार गर्नुमा कुनै समस्या थिएनन् । त्यसैले यरुशलेममा सुसमाचार प्रचार गरेको भोलिपल्ट नै यहूदीयाभरी प्रचार गरे । त्यसपछि हामी स्तफिनसको मृत्युबारे पढ्न पाउँछौ । "तिनको हत्यामा शाऊल पनि सहमत थिए । त्यसै दिन यरुशलेममा भएका मण्डलीको विरुद्धमा ठुलो सतावट शुरु भयो, र प्रेरितहरुबाहेक तिनीहरु सबै यहूदीया र सामरियाका इलाकातिर छरपष्ट भए" (प्रेरित ८:१) । छरपष्ट भएकाहरुबारे हामी निरन्तर पढ्न पाउँछौ, "तब ती छरपष्ट भएकाहरुले चारैपट्टि गएर वचन प्रचार गरे" (प्रेरित ८:४) । यसकारण सुसमाचार यहूदीया भरी प्रचार गऱ्यो ।

(३) **त्यसपछि सुसमाचार सामरियाका मानिस कहाँ लिएर गयो ।** "फिलिपचाहिँ सामरियाको एउटा शहरमा गएर तिनीहरुलाई खीष्ट प्रचार गरे । फिलिपले भनेको वचन सुनेर अनि तिनले गरेका चिन्हहरु देखेर, भीडले एक मनका भई तिनका कुरामा ध्यान दिए" (प्रेरित ८:५,६) । "तर जब तिनीहरुले परमेश्वरको राज्य र येशू खीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरुष र स्त्रीहरुले बप्तिस्मा लिए" (प्रेरित ८:१२) । पछि पत्रुस र यूहन्ना तिनीहरुलाई भेट्न गएपछि अभिलेखले भन्दछन्, "अनि तिनीहरुले गवाही दिइसकेपछि र प्रभुको वचन बोलिसके पछि सामरीहरुका धेरै गाउँहरुमा सुसमाचार प्रचार गर्दै तिनीहरु यरुशलेम फर्के" (प्रेरित ८:२५) । यसकारण प्रभुको योजना अनुसार सामरियाका मानिसहरुले सुसमाचार सुने ।

(४) **अन्तमा सारा संसारमा सुसमाचार लिएर जानु पर्छ ।** सुसमाचार सारा संसारमा लिएर गएको हो भन्ने कुराको प्रमाणमा पावल भन्दछ, "यदि तिमीहरु आफ्ना विश्वासमा अचल र स्थिर भइरहयौ र तिमीहरुले सुनेका सुसमाचारको आशाबाट हटेनौ भने । यहि नै त्यो सुसमाचार हो, जो स्वर्गमुनि

> हरेक प्राणीलाई प्रचार गरिएको छ, जसको म पावल धर्म-सेवक भए" (कलस्सी १:२३) । यसैकारण तीस वर्षको समय अवधिमा संसारलाई सुसमाचार प्रचार गर्न प्रभुको योजना पूर्णरुपमा पूरा भयो ।

प्रभुले आज हामीबाट के चाहनुहुन्छ? हामीले प्रचार गरेको चाहनुहुन्छ । यसको अर्थ अब संसारमा सुसमाचार लिएर जाने जिम्मेवारी हाम्रो हो । हाम्रो काम ठुलो छ, संसारमा मानिसहरु धेरै छन्, तर जब आधुनिक सुविधाहरुलाई (जस्तै यातायात, सञ्चार इत्यादि) प्रयोग गर्ने हो भने हाम्रो काम सजिलो हुन्छ । परमेश्वरले हामीलाई जिम्मेवारीहरु दिनु भएको छ । त्यो हामीले पूरा गर्नै पर्छ । पुनः उहाँले असम्भव कुराहरु गर भनिरहनु भएको छैनन् । संसारलाई सुसमाचारको खाँचो छ । संसारको आशा यहि हो । यो एउटै कुरा हो जसले संसारलाई परिवर्तन गर्न सक्छ, सहायता गर्न सक्छ र बचाउन सक्छ । हामी जोसँग सुसमाचार छ यसलाई सारा संसारमा गएर प्रचार गर्नु पर्छ ।

❁

**सुसमाचार प्रचार गर्ने कुरामा यी कुरा सम्लग्न हुन्छन्:-**

(१) येशूले प्रेरितहरुलाई जाऊ भनेर आज्ञा दिनुभयो ।

(२) येशूले प्रेरितहरुलाई गएर प्रचार गर्न आज्ञा दिनुभयो ।

(३) यदि कसैले सुसमाचारलाई आज्ञापालन गर्न चाहयो भने तिनीहरुलाई बप्तिस्मा दिनु भनी येशूले प्रेरितहरुलाई भन्नुभयो ।

(४) अन्तमा, सुसमाचारमा आज्ञाकारी भएकाहरुलाई सिकाओ भनी येशूले प्रेरितहरुलाई भन्नुभयो ।
- (१) शुरुमा सुसमाचार यरुशलेमबाट नै प्रचार गर्नु पर्‍यो ।
- (२) सुसमाचार यहूदीया भरी प्रचार गरिनु पर्छ ।
- (३) त्यसपछि सुसमाचार सामरियाका मानिस कहाँ लिएर गयो ।
- (४) अन्तमा सारा संसारमा सुसमाचार लिएर जानु पर्छ ।

# १२ अन्य सुसमाचार प्रचार गर्दै
## Preaching other Gospel



यदि नयाँ नियमले येशू खीष्टको सुसमाचार प्रचारको महत्वलाई जोड दिएको छ भने, यसले अन्य सुसमाचारहरुको बारेमा भन्दैनन् । पावलले चेतावनी दिदै भन्दछ, "किनकि यदि कुनै व्यक्ति आएर हामीले प्रचार गरेको भन्दा अर्कै येशूलाई प्रचार गर्‍यो भने अथवा तिनीहरुले पाएका आत्माभन्दा अर्कै आत्मा तिमीहरुले ग्रहण गर्‍यौ भने, वा तिमीहरुले पाएका सुसमाचार भन्दा अर्कै कुनै सुसमाचार ग्रहण गर्‍यौ भने, तिमीहरु यी सबका सामु सजिलै झुक्दारहेछौ" (२ कोरिन्थी ११:४) । उनी अझै यी कुराहरु थप्दै भन्दछन्, "किनकि यस्ता मानिसहरु झुटा प्रेरितहरु र छली काम गर्नेहरु हुन् र खीष्टका प्रेरितहरुका भेस लगाएर हिड्नेहरु मात्र हुन् । र यो कुनै अच्चमको कुरा होइन्, किनकि शैतानले पनि ज्योर्तिमय स्वर्गदूतहरुको भेष धारण गर्छ । यसकारण यो कुनै अनौठो कुरा होइन् कि त्यसका दासहरुले पनि धार्मिकताका दासहरुका रुपमा आफ्नो भेष बदल्छन् । तिनीहरुको अन्त्य तिनीहरुका काम अनुसार हुन्छ" (२ कोरिन्थी ११:१३-१५) ।

पावलले गलातीका मण्डलीहरुलाई लेख्दछ, "मलाई आश्चर्य लागिरहेछ, कि खीष्टको अनुग्रहमा तिमीहरुलाई बोलाउनुहुनेलाई यति चाँडै त्यागेर तिमीहरु भिन्न सुसमाचारतिर लागिरहेछौ । वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोही-कोही छन्, जसले खीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन् । हामीले प्रचार गरेका सुसमाचारको विपरित हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गर्‍यौ भने पनि त्यो व्यक्ति श्रापित होस् । हामीले अघि देखि नै भनेजस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरुले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरित अरु कसैले तिमीहरुलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्" (गलाती १:६-९) । यहाँ पावल प्रेरितले के भनिरहेको छ? आउनुहोस् तल देहायका कुराहरुलाई विचार गरौः

(१) गलातीहरुले येशू खीष्टको शुद्ध सुसमाचार पाएका थिए ।

(२) अन्य सुसमाचारमा फर्केको देखेर पावललाई अच्चम लाग्यो । तापनि शुद्ध सुसमाचारसँग अर्थ लगाउँदा यो अन्य सुसमाचार होइनन् भनी पावलले छिटै व्याख्या गर्छन् ।

(३) तिनीहरुको माझमा त्यस्ता कोही व्यक्तिहरु थिए जसले खीष्टको सुसमाचारलाई परिवर्तन वा बङ्ग्याएको छन्, जुन बेकारका छन् ।

(४) पहिले नै प्रचार गरेको सुसमाचार भन्दा अल्लगै सुसमाचार पावल वा अरु व्यक्तिहरु वा स्वर्गबाट आउने दूतले नै प्रचार गऱ्यो भने पनि तिनीहरु परमेश्वरबाट श्रापित होस् । यो व्यक्त गर्दा पावल आफैले आफैलाई पनि समावेश गरेका छन् । यसको अर्थ शुद्ध सुसमाचार पहिले नै प्रचार गरिसकेको थियो । त्यो सुसमाचारसँग विपरित अरु कुनै प्रचार गऱ्यो भनेपनि त्यो शुद्ध सुसमाचार हुँदैनन् । त्यो व्यक्ति जो सुकै भए पनि चाहे स्वर्गको वा पृथ्वीको होस् उसले अरु नयाँ सुसमाचार प्रचार गर्नुहुँदैन, तर त्यसो भएमा कष्ट र परिणाम भोग्नुपर्छ ।

(५) पावलले आफैलाई पनि त्यही स्थानमा राखेर चेतावनीलाई जोड दिएको छ । यो हेर्दा यसो देखिन्छ कि प्रभुको योजना अनुसार अर्को सुसमाचारको कुनै स्थान छैनन्, विविध सुसमाचारहरुको बारेमा उल्लेख गर्नु पर्दैनन् । यसको साथै, परमेश्वरको वचनमा हामीले अध्ययन गर्न पाउने सुसमाचारको विपरित प्रचारमा सहभागी भएका छन् भने यो निकै नै खतरा अवस्थाको हो । किनभने जसले यस्तो कार्य गर्छन् तिनीहरुमा परमेश्वरको श्राप घोषणा हुन्छन् । किन? किनभने परमेश्वरले मानिसलाई अर्को सुसमाचार प्रचार गर्ने अधिकार दिनुभएको छैन् । अर्को प्रचार गर्नु भन्नाले खीष्टको शुद्ध सुसमाचारलाई त्याग्नु भन्ने बुझिन्छ । यस्तो भएतापनि हामी सबैलाई थाहा छ कि आजभोलि विभिन्न प्रकारका सुसमाचारहरु प्रचार भइरहेका छन् । यसको अर्थ मुक्तिको धेरै योजनाहरु, विवादित शिक्षाहरु इत्यादि प्रचार गरिरहेका छन् । कुन चाहिँ शुद्ध छन्? हामीसँग भएको सुसमाचार नै सही छ भनी हामीले कसरी थाहा पाउन सकिन्छ? कृपया यी सुझावहरुलाई विचार गर्नुहोस्:-

(१) सुसमाचारसँग सम्बन्धित सत्यताको निम्ति बाइबलमा फर्केर जानुहोस् । खीष्टको सुसमाचारको सत्य स्रोत परमेश्वरको

पुस्तक बाइबल हो । तपाईले ती पानाहरुमा सुसमाचारका तथ्यहरु (१ कोरिन्थी १५:१-४) र सुसमाचारका आज्ञाहरु पढ्न पाउनु हुन्छ (मर्कूस १६:१५,१६; प्रेरित २:३८) । सामान्यरुपमा परमेश्वरले आफ्ना वचनहरुद्धारा तपाईलाई बोल्न दिनुभयो भने तपाईमा भएका शंका, समझ र प्रश्नहरु सबै स्पष्ट हुन्छन् ।

(२) धर्मशास्त्रका शिक्षाहरुसित नमिल्ने सुसमाचारका मुक्तिका योजनाहरुको कुनै पनि शिक्षाहरुलाई इन्कार गर्नुहोस् । मानिसहरुलाई यी विषयमा आफ्ना व्यक्तिगत विचार र सोचलाई प्रस्तुत गर्न कुनै अधिकार दिएको छैनन् र निश्चय नै सही तरीकाले सोच्ने मानिसलाई पनि स्वीकार गर्न सक्दैनन् ।

(३) खीष्टियान जगतका प्रचारकहरुले प्रचार गर्ने ती सुसमाचारहरु पनि बाइबलको शुद्ध सुसमाचार हुन सक्दैनन् । खीष्टको सुसमाचारको आज्ञाकारीतामा तपाईलाई सम्प्रदाय जगतामा राखिदैनन् र मानिसले बनाएका नाम वा शिषर्कलाई अंगाल्ने तर्फ तपाईलाई डोऱ्याउँदैनन् । कृपया यो कुरालाई मनमा राख्नुहोस् । नत्र होइन भने खीष्टको सुसमाचारलाई पालना गर्दाको परिणाममा तपाईको उद्धार हुन्छ र त्यसमा तपाईलाई प्रभुको मण्डलीमा थपिनेछ, तपाई खीष्टियान मात्र हुन्छन् (प्रेरित २:३८,४६; प्रेरित ११:२६) ।

(४) "विश्वासद्धारा मात्र" भनेर सिकाउनेहरुसित होशियार रहनुहोस्, विना बप्तिस्मा विश्वासलेमात्र बचाउन सक्दैनन् । हामीले बाइबलमा पढ्न पाउने भन्दा बेग्लै अरु सुसमाचार जसले प्रचार गर्छन्, तिनीहरुले यस्तो मनपर्दो शिक्षा सिकाउँछन् । यसो गर्न चेतावनी दिएको छ किनभने उद्धार पाउनको निम्ति विश्वास मात्र गर्ने होइन्, उसले बप्तिस्मा पनि लिनै पर्छ भनेर बाइबलले सिकाउँछ (मर्कूस १६:१६) ।

(५) तपाईले आफ्नो मनमा राख्नुहोस् कि बहुसँख्यक मानिसहरु फराकिलो बाटोमा छन् जसले विनाशतर्फ डोऱ्याउँछन् (मत्ती ७:१३,१४) । कहिलेकाहिँ जसले अरु सुसमाचारहरु प्रचार

गरेर आफ्ना शिकारीहरुलाई अपिल गर्छन कि बहुसँख्यक मानिसहरुले यी कुराहरुमा विश्वास गर्छन । याद गर्नुहोस् कि बहुसँख्यक मानिसहरु जहिले पनि सही नहुन सक्छन् ।

(६) यी नयाँ र आधुनिक सुसाचारहरुलाई जसले आज प्रचार गर्छन, त्यसलाई विभाजनको संज्ञा दिएको छ । तिनीहरुले विभाजनलाई स्थान दिन्छन् । तिनीहरुले खुलमखुल्ला विभाजनलाई प्रचार गर्छन् । अर्को हातमा, ख्रीष्टको सुसमाचारले एकता, एउटै भाव र शान्तलाई स्थान दिन्छन् । १ कोरिन्थी १ र १२ अध्यायलाई पढ्नुहोस् । त्यसपछि यूहन्ना १७ अध्यायलाई पढ्नुहोस्, जहाँ प्रभुले प्रेरितहरु र तिनीहरुद्धारा सिकाएका कुरालाई विश्वास गर्ने मानिसहरु पनि एक होओ भनेर प्रार्थना गर्नुभयो ।

(७) अन्तमा, याद गर्नुहोस् यी अरु सुसमाचारहरुले बचाउँदैनन् । त्यसको सट्टमा जसले यस्तो प्रचार गर्छ र जसले यस्तो प्रचारलाई स्वीकार गर्छ तिनीहरु दुवै नष्ट हुनेछन् । ख्रीष्टको शुद्ध सुसमाचारमा मात्र बचाउने शक्ति छ (रोमी १:१६,१७) ।

गलत कुराहरुको सिकाई र प्रचारले विभाजन ल्याउँछ । यसकारण पावल चेतावनी दिन्छन्, “भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक विन्ति गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म सिद्धान्तको विरुद्धमा फुट र बाधा -विघन सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस् । किनभने यस्ताहरुले ख्रीष्ट हाम्रा प्रभुको निम्ति होइन्, तर आफ्नै पेटको निम्ति सेवा गर्दछन्, तिनीहरुको मिठो- मिठो बोली र कुराले सीधा साधाहरुका हृदयलाई धोखा दिन्छन्” (रोमी १६: १७,१८) । यी पदहरु अनुसार त्यस्ता प्रकारका प्रचारकहरुलाई चिनेर तिनीहरुलाई इन्कार गर्नुपर्छ । यूहन्ना लेख्दछन्, “ख्रीष्टको सिद्धान्तमा स्थिर नवसेर त्यसको सीमादेखि बाहिर जाने मानिससँग परमेश्वर हुनुहुन्न्, तर यस सिद्धान्तमा स्थिर रहनेसँग पिता र पुत्र दुवै हुनुहुन्छ । यदि कोही तिमीकहाँ आएर यो सिद्धान्त ल्याएन भने त्यसलाई घरमा स्वागत नगर्नू । त्यसलाई अभिवादन पनि नगर्नू । किनकि त्यसलाई अभिवादन गर्ने त त्यसका दुष्ट कामहरुमा सहभागी हुन्छ” (२ यूहन्ना ९-११) । त्यसपछि ख्रीष्टले चेतावनी दिनुभयो, “यस पुस्तकको अगमवाणीका वचन सुन्ने हरेक

मानिसलाई म चेतावनी दिन्छु: यदि कसैले तिनमा थप्यो भने यस पुस्तकमा लेखिएका विपत्तिहरु परमेश्वरले त्यसमाथि थपिदिनुहुनेछ । अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट केही घटायो भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र शहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ" (प्रकाश २२:१८,१९) ।


जसले भिन्नै सुसमाचार प्रचार गर्छन, तिनीहरुको सिकाइमा इमान्दार र सोझो हुन्छन् । तिनीहरुले सामान्यरुपमा छलेको हो, तर तिनीहरुले गलत सिकाइरहेका छन् भन्ने तथ्य चाहिँ हट्दैनन् र यसकारण यसैको निम्ति तिनीहरुले परमेश्वरको सामु जवाफदेही हुनुपर्छ । अरु इमान्दार र सोझो छैनन् । यो विशेषगरी ज्यालादारी काम गर्नेहरुमा सत्य हुन्छन् । उसले अरुको आत्माबारे चासो दिदैनन् । प्रचार गर्नु भनेको आफ्नो जीवन चलाउने माध्यम मात्र हो भनी सोच्छन् । उसले के प्रचार गर्छन् त्यसको मतलव हुँदैनन्, जवसम्म उसले प्रचार गरिरहन्छ, तबसम्म उसले तलब पाइरहन्छ । यस्तो कुनै घटनाहरुमा तिनीहरुबाट धोखा नखाओस् ।

सम्प्रदाय जगतका मानिसहरु आज एकताको निम्ति निकै बृहत तरीकाबाट कुराकानी गरिरहेका छन् । यस्तो भएता पनि तिनीहरुले धेरै विभाजन गरिरहेका छन् । यदि उनीहरुले साँच्चै एकता चाहन्छन् भने, तिनीहरु सबै बाइबलमा फर्केर जानुपर्छ । अनि मात्र एउटै सुसमाचार प्रचार गरेको हुन्छ, जसको परिणामले एकता आउँछ । यो निकै सामान्य कुरा हो ।

❀

**"मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँडै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ । वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोही-कोही छन्, जसले ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन् । हामीले प्रचार गरेका सुसमाचारको विपरित हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गर्‍यौ भने पनि त्यो व्यक्ति श्रापित होस् । हामीले अघि देखि नै भने जस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरूले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरित अरू कसैले तिमीहरूलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्" (गलाती १:६-९)**

## १३ सुसमाचारका अवरोधहरू
## Hindering the Gospel



जसले सुसमाचार प्रचार गर्छन, तिनीहरु सुसमाचारद्धारा नै जीउनु भन्ने तथ्यलाई छलफल गरौं । पावल यसो भन्दछ, "यदि अरुहरुले तिमीहरुमाथि यस मुनासित हकको दावी गर्छन भने के हाम्रो अझ बढी हक छैन्? तापनि हामीले त यस हकको प्रयोग गरेका छैनौं, तर, खीष्टको सुसमाचारमा बाधा नपारौं भनेर बरु हामी सबै कुरा सहन्छौं" (१ कोरिन्थी ९:१२) । उनले सुसमाचारलाई अवरोध नगरेता पनि उनी यो तथ्यमा निश्चय नै होशियार छन कि उनलाई वा अरु जसले वचन प्रचार गर्छन तिनीहरुको निम्ति सम्भव थियो । आज पनि यो त्यस्तै सत्य छन् । स्वभाविक रुपले जसले गलत प्रचार गर्छन र गलतलाई स्थान दिन्छन् तिनीहरु नै खीष्टको सुसमाचारमा बढी बाधा पुऱ्याउनेहरु हुन्छन् । यदि यो सत्य होइनन् भने यसले ताढा पुऱ्याउने परिणामको वारेमा सोच्नुहोस् । शायद मण्डलीका सदस्यहरु आफैलाई यसले धेरै नोक्सानी पुऱ्याउँछ । आउनुहोस् खीष्टको सुसमाचारलाई अवरोध पुऱ्याउन सक्ने केही त्यस्ता मार्गहरुको बारेमा मनन गरौं :-

(१) **हामीले अरु मानिसहरुलाई प्रचार गदैनौं र सिकाउँदैनौं भने हामीले खीष्टको प्रचारमा बाधा दिइरहेका हुन्छौं ।** सुसमाचार सबैको निम्ति हो । यो सबैलाई प्रचार गर्नु पर्छ । हाम्रा संगी मानिसहरु कहाँ यो लिएर जान प्रभुले हामीलाई आज्ञा गर्नुभएको छ (मर्कूस १६:१५,१६) । यसलाई हामीले दुईवटा तरीकाबाट गर्न सक्छौं । मुखको वचनद्धारा सिकाएर र हामी त्यसै अनुसार जिएर अरुलाई प्रचार गर्न सक्छौं । हामी सबैले यी दुईवटाबाट केही गर्नुपर्छ तर धेरैले केही पनि गर्देनन् । यसको अर्थ जब हामीले अरु मानिसकहाँ सुसमाचार लिएर जाँदैनौ, त्यतिबेला हामीले सुसमाचारको उन्नतिलाई बाधा दिइरहेका हुन्छौ । यो पाप हो ।

(२) **हामी आराधनामा भेला हुँदैनौं भने, हामीले सुसमाचारलाई अवरोध गराइरहेका हुन्छौं ।** यो कसरी हुन्छ? यो साधारण छ । जब हामी आराधनामा उपस्थित हुँदैनौं, हामी आफैले आफैलाई प्रभुमा

आराधना गर्न मात्र असफल हुँदैनौं । हामीले आत्मिक भोजन पनि प्राप्त गर्न चुकिरहेका हुन्छौं जुन हामीले प्रभुबाट पाउनु पर्छ । यसको साथसाथै हामीले अरु मानिसहरुको निम्ति सही उदाहरण दिन सक्दैनौं । मुखको शब्दहरु र उदाहरणहरुद्धारा सुसमाचार आराधनामा भेला हुने मानिसहरुलाई सिकाउने मौकालाई प्रयोग गरी लाभ उठाउनु पर्छ । यसरी हिब्रू लेखकले हौसला दिन्छन्, "हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ । हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं । कति जनाको सङ्गतीमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कालाई झन प्रोत्साहन देओ" (हिब्रू १०:२३-२७) ।

(३) **हामी ख्रीष्टयान भएर आत्मिक बृद्धि विकास हुन सकेनौं भने हामीले सुसमाचारलाई अवरोध गरिरहेका हुन्छौं ।** यदि हामी आत्मिकरुपमा कमजोर छौं भने अरु मानिसहरुकहाँ गएर सिकाउनुको सट्टा अरुले आएर हामीलाई सिकाउन आउँछन् । यही कुरा यथार्थ रुपमा हिब्रू लेखकले भन्दछ, "किनकि यतिको समयसम्म त तिमीहरु शिक्षक भइसक्नुपर्दथ्यो, तर अझै पनि तिमीहरुलाई कसैले परमेश्वरका वचनको आधारभूत शिक्षाहरु सिकाउनु परेको छ । तिमीहरुलाई खँदिलो भोजन होइन्, तर दुध चाहिन्छ । दुध मात्र खाएर बाँच्ने मानिसचाहिँ धार्मिकताको वचनमा निपूर्ण हुँदैन्, किनकि त्यो बालकै हुन्छ । खँदिलो भोजन त परिपक्व मानिसहरुका निम्ति हो । यिनीहरुको मानसिक शक्ति निरन्तर अभ्यासद्धारा असल र खराव छुट्ट्याउन सक्ने भएको हुन्छ" (हिब्रू ५:१२-१४) ।

(४) **हामी जस्तो तवरले जिउनुपर्ने थियो त्यसरी नजिएर प्रभुको सुसमाचारलाई बाधा दिइरहेका हुन्छौं ।** यसरी हामीले प्रभुको नामलाई अपमान र शर्ममा पारिरहेका हुन्छौं । संसारले हामीमाथि गिल्लाको औला ठहऱ्याउँछन् । यदि यसले ख्रीष्टियानिटीलाई प्रतिनिधित्व गर्छन् भने म त्यस्तो हिस्सा बन्न चाहन्न भन्ने गर्छन् । अरु पछ्याउने मानिसहरुको निम्ति हामी खराब उदाहरण बनिरहेका

हुन्छौं । यसले हामी सबैलाई चोट पुऱ्याउँछ । हामीले ख्रीष्टियान नामलाई मात्र अंगालेको होस् भनी प्रभु चाहनुहुन्छ, तर साँचो रुपमा ख्रीष्टियान भएको चाहनुहुन्छ । उहाँको नामद्धारा उहाँलाई महिमा गर्ने काम गरेको उहाँ चाहनुहुन्छ । पावलको वचनलाई सुनौ, "काम वा कुरामा जे-जे गर्छौ, सबै कुरा उहाँद्धारा नै परमेश्वर पितालाई धन्यवाद चढाउँदै प्रभु येशूको नाउँमा गर" (कलस्सी ३:१७) । पत्रुसले हौसला दिन्छन्, "यदि ख्रीष्टको नाउँमा तिमीहरु निन्दित भयौ भने तिमीहरु धन्यका हौ । किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरुमाथि रहनुहुन्छ । तर तिमीहरुमध्ये कसैले पनि हत्यारा वा चोर, वा खरावी गर्ने वा अर्काको कुरामा हात हाल्नेले झैं दुःख भोग्दछ भनेता उसले लाज नमानोस्, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा दिओस् । किनभने न्याय परमेश्वरकै परिवारबाट शुरु हुने समय आएको छ, र यदि यो हामीबाट शुरु हुन्छ भनेता परमेश्वरको सुसमाचार नमान्नेहरुको अन्त्य कस्तो होला? अनि, यदि धर्मी जनको उद्धार कठिनसंग हुन्छ भने अधर्मी र पापीको गति के हुने? यसकारण परमेश्वरको इच्छा बमोजिम दुःख भोग्नेहरुले भलाइ गरुन र तिनीहरुले आफ्ना आत्मा विश्वासयोग्य सृष्टिकर्ताकहाँ सूम्पून"(१ पत्रुस ४:१४-१९) ।

(५) **हाम्रो जिम्मेवारी र कर्तव्यहरुलाई सामान्यरुपमा वेवास्ता गरेर हामीले प्रभुको कामलाई अवरोध गरेका हुन्छौ ।** मण्डलीका सबै सदस्यहरु खराव वा अनैतिकताले भरिएको हुँदैनन् । तिनीहरुले जानाजानी वा उद्देश्यले नै कुनै त्यस्तो खराव वा गलत गर्दैनन् । तिनीहरु धेरै राम्रा मानिस हो भनी अरुहरुले भन्ने गर्छन् । तर तिनीहरुको कमजोरी भनेको तिनीहरुले गर्न सक्ने धेरै काम कुराहरु देखी सामान्यरुपमा पछि हट्छन् र वेवास्ता गर्छन् । तर वेवास्ता गर्नु, असफल हुनु, वास्ता नगर्नु खतरा हुन सक्छन् । हाम्रो दैनिक जीवनमा यो सत्य हो । त्यस्तै गरी हाम्रो आत्मिक जीवनमा पनि यो सही नै छन् । याकूव भन्दछ, "वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ" (याकूव १:२२) । अन्तमा हामी पढ्छौं, "यसकारण जे सुनेका छौ त्यसमाथि हामीले अझ बढी ध्यान दिनुपर्छ, नत्रता हामी त्यसबाट बहकिएर जानेछौ । यदि स्वर्गदूतहरुले घोषणा गरेको सन्देश अटल रहयौ भने, र हरेक अपराध र अनाज्ञाकारीताको

निम्ति उचित दण्ड दिइयो भने, अब हामीले यति महान मुक्तिको वास्ता राखेनौं भने हामी कसरी उम्कौला? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँका वचन सुन्नेहरुद्धारा हाम्रा निम्ति पक्का सावित गरियो" (हिब्रू २:१-३) ।

(६) **हामीले हाम्रो भेटी नदिएर हामी सुसमाचारमा बाधक भइरहेका हुन्छौं ।** सुसमाचार अरु मानिसहरुकहाँ लिएर जाने र असाहयहरुलाई सहायता गर्ने कामको निमिक्त सदस्यहरुले दिएको भेटीमा नै मण्डली निर्भर हुन्छन् । तर मानिलिनुहोस्, हामी भेटी दिँदैनौ । यसको मतलव यो होइन कि मण्डलीले आफ्नो काम काम गर्न सक्दैनन् किनभने एक जनाले नदिए पनि अरु विश्वासीहरुले दिन्छन् । तै पनि, यस्तो अवस्थामा मण्डलीको कामहरु सिमित हुन्छन् । यसैकारणले गर्दा जब हामी दिदैनौं, तब हामीले परमेश्वरलाई लुटिरहेका हुन्छौ वा परमेश्वरलाई हामी सिमित बनाइरहेका हुन्छौं भनी बाइबलले भन्दछ । हामीले धेरै दियौं भने हामीले धेरै काम गर्न सक्छौं जसद्धारा परमेश्वरलाई पनि धेरै गर्न सक्ने बनाइरहेका हुन्छौं । यसकारण पावलले हौसला दिन्छन, "प्रत्येक हप्ताको पहिलो दिन तिमीहरु हरेकले आ-आफ्नो कमाइ अनुसार केही धन छुट्याएर जम्मा गदै राख्नु, ताकि म आँउदा भेटी संग्रह गर्नु नपरोस" (१ कोरिन्थी १६:२) । आउनुहोस्, यदि हामीले जसरी दिनुपर्ने हो त्यसरी दिन असफल भयौं भने त्यसको परिणाममा कसैले सुसमाचार सुन्ने मौका पाउँदैन् वा आवश्यक परेको व्यक्तिहरुमा सुसमाचार पुग्दैनन् । यसकारण यो गम्भीर विषय हो । हाम्रो आत्माका लगाएत अरु धेरै आत्माहरुको सम्लग्नतामा विभिन्न भौतिक कल्याणकारी कामहरु हुन्छन् भन्ने कुरालाई महसुस गर्नुपर्छ । यसकारण हामी ताढाका कुराहरु हेरेर संसारका धर्महरुलाई र सम्प्रदाय समुहहरुलाई दोष दिन्छौं । हाम्रो आफ्नै असफलताको कारणले सुसमाचार संसारमा पुगेका छैनन्, धेरै जसो दोषहरु हाम्रो आफ्नै खुट्टामा आउँछन् । यो निश्चय नै सत्य हो कि यी धार्मिक संगठनहरुले नयाँ नियमको शुद्ध ख्रीष्टियानिटीलाई फैलाउन अवरोध गर्न सक्छ । तर हामीले कहिल्यै पनि बिर्सनुहुँदैन् कि परमेश्वरले हामीबाट जे गरेको चाहनुहुन्छ हामीले त्यही नै गर्नुपर्छ । प्रभुको इच्छा पूरा गर्नको निम्ति कुनै पनि बाहिरका

शक्तिहरुले बाधा पुऱ्याउन सक्दैनन् । सारा संसारमा सुसमाचार लिएर जानु पर्छ । तर प्रायजसो हाम्रै कमजोरीहरु, हाम्रै असफलताहरु, विश्वासको कमजोरीहरु, हाम्रै पापहरु र संसारका धेरै कुराहरु हाम्रो हृदय र जीवनमा राखिराख्छौं । यी कुराहरुलाई थामिराख्दा हामी पछाडि खिचिरहेका हुन्छौं ।

विश्वास, प्रेम, हौसला, साहस र सत्यतामा खडा हुन निश्चिन्त हुनुहोस् । यी कुराहरुलाई दैनिक जीवनमा जिउन सकौं र यी कुराहरुलाई हराइरहेका र आत्मामा मरिरहेका संसारमा लिएर जान परमेश्वरले हामीलाई सहायता गरुन् । नत्र भने हामी पनि सुसमाचारको बाधक भइरहेका हुन्छौं । हामीले सुसमाचारलाई माथि उचालिरहेको हुनुपर्छ ।

❁


**ख्रीष्टको सुसमाचारलाई अवरोध पुऱ्याउन सक्ने केही कुराहरू:-**


(१) हामीले अरू मानिसहरूलाई प्रचार गर्दैनौं र सिकाउँदैनौं भने हामीले ख्रीष्टको प्रचारमा बाधा दिइरहेका हुन्छौं ।
(२) हामी आराधनामा भेला हुँदैनौं भने, हामीले सुसमाचारलाई अवरोध गराइरहेका हुन्छौं ।
(३) हामी ख्रीष्टयान भएर आत्मिक बृद्धि विकास हुन सकेनौं भने हामीले सुसमाचारलाई अवरोध गरिरहेका हुन्छौं ।
(४) हामी जस्तो तवरले जिउनुपर्ने थियो त्यसरी नजिएर प्रभुको सुसमाचारलाई बाधा दिइरहेका हुन्छौं ।`
(५) हाम्रो जिम्मेवारी र कर्तव्यहरूलाई सामान्यरूपमा वेवास्ता गरेर हामीले प्रभुको कामलाई अवरोध गरेका हुन्छौ ।
(६) हामीले हाम्रो भेटी नदिएर हामी सुसमाचारमा बाधक भइरहेका हुन्छौं ।



# मानव मुक्तिको लागि परमेश्वरको योजना

**(१) मैले परमेश्वरको सत्यतालाई सुन्नै पर्छ ।**
(रोमी १०:१७; यूहन्ना ८:३२)





**(२) मैले सत्यतालाई विश्वास गर्नैपर्छ ।**
(हिब्रू ११:६; मर्कूस १६:१६; प्रेरित ८:३७)



**(३) मेरो पापबाट मैले पश्चात्ताप गर्नैपर्छ ।**
(लूका १३:३:६; प्रेरित २:३८; प्रेरित १७:३०–३१; २ पत्रुस ३:९)



**(४) येशू परमेश्वको पुत्र हुनुहुन्छ भनी मैले स्वीकार गर्नैपर्छ ।**
(मत्ती १०:३२,३३; रोमी १०:९–१०; प्रेरित ८:३७)



**(५) पाप क्षमाको निम्ति पानीमा डुबेर बप्तिस्मा लिनैपर्छ ।**
(प्रेरित २:३८; १ पत्रुस ३:२१; प्रेरित २२:१६; मर्कूस १६:१६; गलाती ३:२७; रोमी ६:३–५)

**के तपाईले ख्रीष्टको सुसमाचारलाई आज्ञापालन गर्नुभयो?**

# सुसमाचार बाँड्न लायकको छ।

रोमी
१:१६-१७

सुसमाचारको **शक्ति**
परमेश्वरको शक्ति हो।
(रोमी १:१६ )

सुसमाचारको **उद्देश्य** मानिसलाई
पापबाट बचाउनु हो।
(रोमी १:१६)

सुसमाचारको **योजना** सबै
मानिसहरुको निम्ति हो।
(रोमी १:१६)

सुसमारको **प्रतिज्ञा** पहिले
यहूदीहरू र त्यसपछि
अन्यजातिकहरूलाई हो।
(रोमी १:१६)

सुसमाचारको उत्पन्न
**धार्मिकता** हो।
(रोमी १:१७)






## के तपाई ख्रीष्टको सुसमाचारको लागि लज्जित हुनुहुन्छ?

Voice of Truth International Nepal

सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त
गर्नको लागि तलको ठेगानामा सम्पर्क गर्नुहोस्।
पो.ब.नं. २५९९९
इमेल: <votinepal@gmail.com>


"Where Bible speaks we speak & where Bible silent we silent" Scince 33AD
(in all over the World)
हरेक मानिसले यो संसार छाडन अघि एक न एक दिन यो प्रश्नको जवाफ सोध्नै पर्ने हुन्छ ....
उद्धार पाउन मैले के गर्नुपर्छ ?
मानिसको आफ्नै मेहनत, इच्छा र प्रयत्नद्वारा उद्धार पाउन सक्दैन (रोमी ९:१६)
तर परमेश्वरको दया र अनुग्रहबाट मात्र मानिसले उद्धार पाउन सक्छ एफि २:८,९; तीतस ३:४-७)
र पनि यी ६ वटा सिढी पार गरेर मात्र उद्धार पाइन्छ
पापबाट बचाइएकाहरू पुग्ने स्थान अनन्त स्वर्ग
2012-21
मानिस तर्फको काम
के तपाईंले चाहि पुरागर्नु भयो ?
परमेश्वर तर्फको काम
जो उहाँले गरी सक्नुभयो
१ सुनुवाइ
प्रभु येशूलाई हृदयदेखि नै विश्वास गर्नु पर्दछ।
मर्कूस १६:१६ हिब्रू ११:६
जसरी पनि येशूकोबारे सुसमाचार सुन्नपर्छ
रोमी १०:१७
२ विश्वास
आफ्नो पापहरुको पश्चताप गर्नुपर्छ
प्रेरित ३:१९
३ पश्चताप
आफ्नो मुखले स्वीकार गर्नुपर्छ रोमी १०:९,१०
४ स्वीकार
येशूखीष्टलाई परमेश्वको पुत्र र प्रभुभनि- १ पत्रु३:२१
"God, be merciful to me, a sinner"
५ बप्तिस्मा
यही पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई बचाउछ
मर्कूस १६:१६
६ मण्डली
मण्डली जानपछं, मण्डली भनेको कुनै भवन होइन तर बोलाइएका मानिसहरुको भेला हो जसको पाप बप्तिस्माबाट क्षमा भएको हुन्छ।
बाइलको मण्डली एउटै - मात्र छ खीष्टको मण्डली
मत्ती१६:१८, एफि १:२२, २३
प्रेरि२:४१, ४२, ४७ एफि ४:४
रोमी १६:१६ (गला १:२२)
..पश्चताप गर र तिमीहरुका पाप क्षमाको निम्ती येशू खीष्टको नाउमा तिमीहरु प्रत्येकले बप्तिष्मा लेउ
प्रे. २:३८
विश्वास सुनुवाईबाट आउछ, सुनुवाई परमेश्वरको वचनबाट आउछ
रोम१०:१७
पवित्रआत्मा पठाइदिनुभयो
म गएपछि सत्यको आत्मा तिमीहरुकहा पठाइ दिनेछु..
(यूह. १६:७) (प्रेरि१:४,८)
येशूले रगत बलिदान गर्नुभयो
एफि. १:७
१पत्रु. १:१९
रोमी ५:८
परमेश्वरले आफ्ना पुत्र पठाइदिनुभयो
यूह.३:१६
पापमै हराइ रहेका अवस्था
परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाले आफ्ना एक मात्र पुत्र दिनुभयो ताकि उहामा विश्वास गर्ने कोही पनि नाश नहोस तर त्यसले अनन्त जीवन पाओस । (यूहन्ना ३:१६)
खीष्ट येशूले भन्नुभयो "म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु" (मती १६:१८)
खीष्टको मण्डली
प्रेरित२:४२ तिनीहरु प्रेरितहरुका शिक्षा, संगति, र रोटी भाच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे।
CHURCH OF CHRIST PUTALISADAK
मेघ ब.मोक्तान
९८५१००७१६०
९८१८२७७७१६